मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## कांग्रेसलाई एकढिक्का बनाउँछौं: थापा



समाचार पृष्ठ ५ मा

वर्ष ४ | अंक ६४ | २०८२ साल माघ ०४ गते आइतबार | Sunday 18, January 2026 | सूर्योदय: बिहान ०६:५५ बजे | सूर्यास्त: साँझ ५:३६ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## बालेनको मधेश भ्रमण: रास्वपाको रणनीतिक प्रयोग
## सांकेतिक रुपमा बलिदानी दिवसकै दिन कार्यक्रम




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
काठमाडौँ महानगरपालिकाका नगर प्रमुख एवम् राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता बालेन्द्र साह माघ ५ गते मधेशको राजधानी जनकपुरधाम आउँदैछन् । बालेनको मधेश आगमनको चर्चा तराई–मधेश मात्र होइन, देशभर राजनीतिक वृत्तमा भइरहेको छ ।

कोशी प्रदेशको झापा–५ बाट प्रतिनिधिसभा निर्वाचनमा भाग लिने तयारीमा रहेका बालेनले आफ्नो चुनावी अभियानको औपचारिक सुरुवात जनकपुरधामबाट गर्न लागेका हुन् । संयोग वा रणनीति जे भए पनि माघ ५ मधेशका लागि अत्यन्त ऐतिहासिक दिन मानिन्छ ।

२०६३ साल माघ ५ गतेबाटै मधेश आन्दोलनले व्यापक रूप लिएको थियो । पहिचान, अधिकार र संघीयताका मागसहित भएको आन्दोलनमा डेढ सयभन्दा बढीले ज्यान गुमाएका थिए भने हजारौँ मधेशी घाइते भएका थिए । यही दिनको स्मृतिमा मधेशमा हरेक वर्ष बलिदानी दिवस मनाइन्छ । मधेश केन्द्रित दलदेखि विभिन्न संघसंस्थाले माघ ५ गते श्रद्धाञ्जली तथा स्मरण कार्यक्रम आयोजना गर्दै आएका छन् ।

यसै सन्दर्भमा रास्वपाले माघ ५ कै दिन बालेनलाई मधेशमा उतार्नु राजनीतिक रूपमा अर्थपूर्ण मानिएको छ । विद्रोह र बलिदानीको स्मृतिले भरिएको दिन जनकपुरमा बालेनले पहिलोपटक मधेशी जनतालाई प्रत्यक्ष सम्बोधन गर्ने कार्यक्रम तय भएको छ । मधेशको भावनालाई थप सम्बोधन गर्न उनले मधेशी भेषभूषामा मैथिली भाषामै सम्बोधन गर्ने तयारी रहेको बताइएको छ ।

तर मधेश प्रदेश नीति आयोगका निवर्तमान उपाध्यक्ष सोहन साह भने यसलाई पूर्ण रूपमा योजनाबद्ध रणनीति मान्न तयार देखिँदैनन् । उनका अनुसार चुनावी कार्यतालिकाको दबाबका कारण माघ ४ गते मेयर पदबाट राजीनामा दिएपछि उम्मेदवारी तयारीकै क्रममा ५ गते जनकपुरमा कार्यक्रम जुरेको हुन सक्छ । 'माघ ५ बलिदानी दिवस परेको कुरा संयोग मात्र पनि हुन सक्छ,' साहको भनाइ छ ।

यद्यपि, यसअघि २०७९ माघ ५ मा जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले संसद्मा मौन धारण गर्दा रास्वपाका सभापति रवि लामिछानेले समर्थन जनाएका थिए । त्यसबेला मधेशवादी दलका सांसद र केही कांग्रेस सांसद पनि उभिएका थिए भने तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड भने मौन बसेका थिए । यो घटनाले रास्वपा र मधेश आन्दोलनबीचको सम्बन्धलाई लिएर राजनीतिक बहस चर्काएको थियो ।

मधेश आन्दोलन संघीयता र गणतन्त्रका लागि भएको र त्यसमा सैयौँले बलिदानी दिएको स्मरण गर्दै रास्वपाले आफू संघीयता, लोकतन्त्र र गणतन्त्रको पक्षमा रहेको सन्देश दिन खोजेको विश्लेषण पनि गरिएको छ । मधेशसम्बन्धी अध्ययनमा संलग्न साहका अनुसार माघ ५ को ऐतिहासिक महत्व प्रयोग गर्दै बालेन र रास्वपाका नेताहरूले मधेशी जनताको योगदानको चर्चा गर्ने र त्यसलाई राष्ट्रव्यापी राजनीतिक भाष्यसँग जोड्ने सम्भावना छ । 'माघ ५ को भावनात्मक दिन प्रयोग गरेर उनीहरू मधेशको मुद्दा उठाउँदै झापातर्फ केन्द्रित हुन सक्छन्,' साहको विश्लेषण छ ।

रास्वपाका प्रवक्ता मनिष झा स्वयम् मधेश आन्दोलनमा प्रत्यक्ष सहभागी नेता हुन् । आन्दोलनका क्रममा उनले विभिन्न कार्यक्रममार्फत मधेशको वकालत गरेका थिए । मधेश आन्दोलनको मर्म बुझेका झाकै निर्वाचन क्षेत्र धनुषा–३ मा माघ ५ गते बालेन र रवि लामिछाने प्रमुख वक्ताका रूपमा सहभागी हुने कार्यक्रम आयोजना गरिएको छ ।

पार्टी नेताहरूका अनुसार पहिचान, संघीयता र गणतन्त्रप्रति रास्वपा प्रतिबद्ध रहेको सन्देश दिन बलिदानी दिवसकै दिन जनकपुरलाई रोजिएको हो । माघ ५ को जनकपुर कार्यक्रमले मधेशमा रास्वपाको राजनीतिक दिशानिर्देश कस्तो रहनेछ भन्ने संकेत दिने अपेक्षा गरिएको छ ।

यता काठमाडौँ महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन) माघ ५ गतेदेखि नयाँ राजनीतिक परिचयका साथ देखिने भएका छन् । माघ ४ गते नगरप्रमुख पदबाट राजीनामा दिएपछि उनी महानगरका प्रमुख रहने छैनन्, बरु राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेताका रूपमा सक्रिय राजनीतिमा उत्रिँदै छन् । आगामी प्रतिनिधिसभा निर्वाचनको तयारीमा रहेका बालेनले आफ्नो राजनीतिक यात्राको सुरुवात मधेशबाट गर्न लागेका छन् ।

महोत्तरी पुख्र्यौली थलो भएका बालेन माघ ५ गते मधेश प्रदेशको राजधानी जनकपुरधाम पुग्ने तय भएपछि मधेशको राजनीति तातेको छ । बालेनको आगमनसँगै मधेश केन्द्रित दलहरू र नेकपा एमालेभित्र असहजता र चिन्ता देखिन थालेको राजनीतिक वृत्तमा टिप्पणी हुन थालेको छ । रास्वपाले बालेनलाई प्रधानमन्त्रीको सम्भावित उम्मेदवारका रूपमा अघि सारेको छ ।

'मधेशबाट पहिलो प्रधानमन्त्री' भन्ने नारासहित बालेनलाई मधेशमा उतार्नु रास्वपाको रणनीतिक चालका रूपमा हेरिएको छ । झापा–५ बाट उम्मेदवारी दिने तयारीमा रहेका बालेनलाई महोत्तरीबाट पनि चुनाव उठ्न कतिपयको सुझाव छ ।

## पूर्व आईजीपी खनालको बारा–४ मा चुनावी अभियान



**राहुल गुप्ता**
**बारा ।**
नेपाल प्रहरीका पूर्व महानिरीक्षक (आईजीपी) सर्वेन्द्र खनालले बारा जिल्ला क्षेत्र नम्बर ४ मा आफ्नो चुनावी अभियानलाई तीव्र बनाएका छन् । निर्वाचन केन्द्रित भेटघाट तथा छलफलक्रममा उनले स्थानीय मतदाता, अगुवा तथा विभिन्न पेशागत समूहसँग संवाद गर्दै आएका छन् ।

अभियानक्रममा खनालले सुशासन, शान्ति–सुरक्षा, विकास र रोजगारीलाई प्राथमिक एजेन्डा बनाइएको बताए । उनले आफ्नो लामो प्रशासनिक अनुभवलाई जनसेवामा रूपान्तरण गर्ने प्रतिबद्धता व्यक्त गर्दै बारा–४ को समग्र विकासका लागि योजनाबद्ध ढंगले काम गर्ने दाबी गरे ।

स्थानीयसँगको अन्तरक्रियामा उनले शिक्षा, स्वास्थ्य, सडक तथा कृषि क्षेत्रका समस्या समाधानमा विशेष ध्यान दिइने बताए । 'कानून कार्यान्वयन र प्रशासनिक सुधारमा गरेको अनुभव अब जनप्रतिनिधिका रूपमा प्रयोग गर्न चाहन्छु,' उनले भने । खनालको चुनावी अभियानमा युवाको उल्लेख्य सहभागिता देखिएको छ । सहभागी युवाले रोजगारी, सीप विकास र सुरक्षित समाज निर्माणका विषयमा आफ्नो अपेक्षा राखेका थिए । बारा–४ मा विभिन्न राजनीतिक दल र स्वतन्त्र उम्मेदवारबीच प्रतिस्पर्धा तीव्र बन्दै गएको छ । चुनाव नजिकिँदै जाँदा उम्मेदवारहरूले घरदैलो, कोणसभा र छलफल कार्यक्रमलाई निरन्तरता दिएका छन् ।

## निर्वाचन आयोगबाट मान्यतापछि मिठाई बाँडेर खुशी साटासाट



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेस जनकपुरधाम नगर समितिले निर्वाचन आयोगले विधि तथा कानूनसम्मत रुपमा गगन थापा पक्षधरलाई मान्यता दिएपछि खुशियाली मनाएको छ । निर्वाचन आयोगले थापालाई नेपाली कांग्रेसको सभापति पदमा वैधता प्रदान गरेपछि नगरसमितिले जनकपुरधामस्थित पार्टी कार्यालय खुशियाली मनाएको हो । नेपाली कांग्रेस नगर समितिले लड्डु बाँडेर खुशियाली साटासाट गरेको छ ।

नगरसभापति एवम् जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले हजारौँ नेपाली कांग्रेसको नेता कार्यकर्ताको मनोभावना बुझेर परिवर्तनका लागि विशेष महाधिवेशनबाट नयाँ कार्यसमिति चयन भएको प्रतिक्रिया दिए । उनले यो विशेष महाधिवेशनबाट पार्टी विभाजन नभएको बताए । नगरसभापति साहले विशेष महाधिवेशनले नेपाली कांग्रेसलाई एक ढिक्का बनाउन मद्दत गरेको बताउँदै पार्टी विभाजन नभएको स्पष्ट गरे । उनले परिवर्तनका लागि भएको विशेष महाधिवेशनले हजारौँ कांग्रेसी नेता कार्यकर्ताहरुको मनोभाव बुझ्ने काम भएको छ, युवालाई नेतृत्वमा पुग्ने बाटो खोलेकोमा खुशी व्यक्त गरे । नगरसभापति साहले कांग्रेस पार्टीको चिन्ह र झण्डामुनि नै कांग्रेसी नेता कार्यकर्ता एक ढिक्का भएर रहेको दाबी गरे । नेपाली कांग्रेसका नेता जीवनाथ चौधरीले यो विशेष महाधिवेशनले नेपाली कांग्रेसलाई दासत्वबाट मुक्ति प्रदान गरेको बताए । उनले नेपाली कांग्रेसको नेतृत्वमा बसेका बरिष्ठ नेताहरु युवाहरुको मनोभाव बुझ्न नसकेकै कारण विशेष महाधिवेशन गराउनुपर्ने परस्थितिको सिर्जना भएको बताए । कार्यक्रममा नेपाली कांग्रेसका नेता कार्यकर्ताहरुको उपस्थिति थियो ।

## आजदेखि राष्ट्रियसभाको अधिवेशन

**काठमाडौँ ।**
राष्ट्रियसभाको १९औँ अधिवेशन आज आइतबारदेखि शुरु हुँदैछ । नयाँ बानेश्वरस्थित अन्तरराष्ट्रिय सम्मेलन केन्द्रमा रहेको संसद् भवन जेन्जी आन्दोलनका क्रममा जलेर ध्वस्त भएकाले सङ्घीय संसद् सचिवालय, सिंहदरबारमा अधिवेशन सञ्चालन हुनेछ ।

अधिवेशनको तयारीका लागि अध्यक्ष नारायणप्रसाद दाहालले शुक्रबार कार्यव्यवस्था परामर्श समितिको बैठक आह्वान गरका थिए । अधिवेशनको पहिलो बैठकमा अध्यक्ष दाहालले राष्ट्रपतिबाट अधिवेशन आह्वानको पत्र पढेर सुनाउने र हालै निधन भएका नेपाली कांग्रेसका सांसद बलदेव बोहराप्रति शोकप्रस्ताव प्रस्तुत गर्ने कार्यसूची छ ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले अधिवेशनको सबै तयारी पूरा भएको जानकारी दिए । राष्ट्रपति रामचन्द्र पौडेलले नेपालले संविधानको धारा ९३ को उपधारा (१) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को पुस २८ गतेको सिफारिसमा माघ ४ गते आइतबार ११ बजे राष्ट्रियसभाको अधिवेशन आह्वान गरेका थिए । भदौ ३१ गते राष्ट्रियसभाको १८औँ अधिवेशन अन्त्य भएको थियो ।

यसैबीच, निर्वाचन आयोगले माघ ११ गते राष्ट्रियसभाको १९ सदस्यका लागि निर्वाचनको तयारी पनि गरेको छ । राष्ट्रियसभा सदस्यमा एकजना निर्विरोध निर्वाचित भइसकेका छन् ।

**कांग्रेसले तालमेल नतोड्ने**

नेपाली कांग्रेसले माघ ११ गते हुने राष्ट्रिय सभा निर्वाचनमा एमालेसँग भएको सहमति कायम राखेर जाने भएको छ । निर्वाचन आयोगले विशेष महाधिवेशनबाट चयन भएको नयाँ केन्द्रीय कार्यसमितिलाई मान्यता दिएपछि एमालेसँग भएको सहमति के हुने भन्ने चासो थियो ।

यसैबीच कांग्रेस प्रवक्ता देवराज चालिसेले राष्ट्रिय सभा निर्वाचनलाई चुनावी गठबन्धनको रुपमा बुझ्न नहुने बताए । 'अघिल्लो केन्द्रीय समितिको अविच्छिन्न रूपमा रहेको वर्तमान केन्द्रीय समिति हो । राष्ट्रिय सभा निर्वाचनलाई चुनावी गठबन्धनका रूपमा बुझ्नुहुँदैन,' चालिसेले भने, 'राष्ट्रिय सभा सदस्यको लागि एमालेसँग गरिएको सहमति कायम राख्छौँ ।'

राष्ट्रिय सभाका १९ जना सदस्यको कार्यकाल आगामी फागुन २० मा सकिंदैछ । त्यसमध्ये एक जना वामदेव गौतम राष्ट्रपतिबाट मनोनीत सांसद हुन् । उनको ठाउँमा सरकारको सिफारिसमा अर्को व्यक्तिलाई राष्ट्रपतिले नै मनोनीत गर्नेछन् ।

बाँकी १८ पदका लागि पुस २३ गते मनोनयन भइसकेको छ । निर्वाचन आयोगका अनुसार १८ पदका लागि ४४ जनाले उम्मेदवारी दिएका छन् । जसमध्ये कांग्रेस र एमालेले भागबण्डा गरेर क्रमशः ९ र ८ सिटमा उम्मेदवारी दिएका छन् ।

राष्ट्रिय सभा सदस्यको निर्वाचनमा प्रदेश सभा सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख मतदाता हुन्छन् । सात वटै प्रदेशमा ५ सय ५० प्रदेश सभा सदस्य छन् । ७ सय ५३ स्थानीय तहका प्रमुख र उपप्रमुख गरी स्थानीय तहका पदाधिकारीतर्फ मात्रै एक हजार ५ सय ६ मतदाता छन् ।

## संघीयता रक्षामा युवा अगाडि आउनु पर्छः यादव

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशका अर्थमन्त्री महेश यादवले संघियता रक्षाकालागि मधेशका युवाहरु अगाडि आउनुपर्नेमा जोड दिएका छन् । जनकपुरधाम जेसीजको ४३औँ साधारण सभाको उदघाटन समारोहमा बोल्दै अर्थमन्त्री यादवले संघिय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था ल्याउन मधेशी जनताले बलिदानी गरेकाले संघियता रक्षाकालागि अगाडि आउनु आवश्यक रहेको बताए ।



उनले भदौ महिनामा भएको जेनजी आन्दोलन व्यवस्था परिवर्तनका लागि नभई भ्रष्टाचार विरुद्ध तथा सुशासन कायम गर्न लागि भएको बताए । तर पछिल्लो समयमा जेनजी आन्दोलनको नाममा संघियतालाई लिएर गलत भाष्य निर्माण गरिएको बताए । संघियता विरोधी तत्व संघियता समाप्त पार्न सक्रिय रहेकाले त्यस्ता तत्वविरुद्ध युवाहरु एक हुनु आवश्यक रहेको बताए ।

यता साधारणसभाबाट बर्ष २०२६कालागि अध्यक्षमा जेसी भवेश झा चयन भएका छन् । त्यस्तै, कार्यकारिणी उपाध्यक्षमा जेसी राम सोगारथ साह र जेसी अमरेन्द्र साह चयन भएका हुन । उपाध्यक्षमा जेसी नवीन कुमार झा, जेसी कैलाश नारायण साह , जेसी विनय कुमार साह र जेसी सुरेश चयन भएका छन् ।

## मधेश नामाकरण दिवस मनाइयो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको नामाकरण भएको दिनलाई स्मरणीय बनाउन मधेश प्रदेशसभाले विभिन्न कार्यक्रम गरेको छ । मधेश प्रदेशसभाका सभामुख रामअशिष यादवको अगुवाईमा प्रदेशसभा परिसरभित्र वृक्षारोपण तथा सम्मान कार्यक्रम गरिएको हो ।



मधेश प्रदेशको नामाकरण तथा स्थायी राजधानी जनकपुरधाम तोक्न महत्वपूर्ण भूमिका खेल्ने तत्कालीन सभामुख एवम् मधेशका पूर्वमुख्यमन्त्री सरोजकुमार यादवलाई सभामुख रामअशिष यादवले सम्मान गरेका थिए । यसका साथै सभामुखको नेतृत्वमा प्रदेशसभा सदस्यहरुले प्रदेशसभा परिसर भित्र वृक्षारोपण गरेका थिए ।

सभामुख यादवले मधेशको पहिचान स्थापित गर्ने उद्देश्यले प्रदेशको नामाकरण भएको दिनलाई स्मरणीय बनाउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको बताए । उनले मधेश प्रदेशका लागि महत्वपूर्ण दिनको रुपमा रहेको माघ ३ गतेका दिनलाई स्मरणीय बनाउन आउने वर्षदेखि प्रदेशसभाले वार्षिक कार्यक्रममै राखेर विभिन्न कार्यक्रम विधिवतरुपमा मनाउने प्रतिवद्धतासमेत व्यक्त गरे ।

२०७८ साल माघ ३ गते तत्कालीन प्रदेश २ लाई मधेश प्रदेश सभाले मधेश नामाकरण गरेको थियो भने प्रदेशको राजधानी जनकपुरधामलाई तोकिएको थियो ।

# ६ महिनामा दुर्घटनामा ३९ जनाले ज्यान गुमाए

**मधेशदृष्टि**
**सिरहा ।**
सडक सुरक्षाप्रति पर्याप्त ध्यान नदिँदा सिरहामा सवारीसाधन दुर्घटना बढ्दै गएको छ । चालु आर्थिक वर्ष २०८२–८३ को पहिलो छ महिनामा (साउनदेखि पुससम्म) यहाँ भएका सवारी दुर्घटनामा ३९ जनाले ज्यान गुमाएका छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालयका अनुसार दुर्घटनामा मृत्यु हुनेमध्ये ३० जना पुरुष, पाँच जना महिला र चार जना बालबालिका छन् । अवधिमा सवारीसाधन दुर्घटनामा परेर ३ सय ४५ जना गम्भीर र ७ सय ४२ जना सामान्य घाइते भएका कार्यालय प्रमुख प्रहरी निरीक्षक सालिकराम तिमिल्सिनाले जानकारी दिए । छ महिनाको अवधिमा सबैभन्दा बढी मोटरसाइकल दुर्घटना भएको तथ्याङ्कले देखाएको छ । उपलब्ध विवरणअनुसार ४ सय ९८ मोटरसाइकल, ५८ वटा ई–रिक्सा (टेम्पो), २१ वटा ट्र्याक्टर र २० वटा ट्रक तथा ट्याङ्कर दुर्घटनामा परेका छन् । यहाँ गत आव २०८१–८२ मा ८३ जना र आव २०८०–८१ मा ६८ जनाको दुर्घटनामा ज्यान गएको थियो । ट्राफिक प्रमुख तिमिल्सिनाले सवारीसाधन दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले सवारीसाधनमा 'रिफ्लेक्टर' टाँस्ने अभियान सञ्चालन गर्नुका साथै विद्यालय तहमा सडक सुरक्षासम्बन्धी सचेतनामूलक कार्यक्रमलाई तीव्रता दिएको बताए । दुर्घटना कम गर्न सवारी चालक मात्र नभई पैदलयात्री र स्थानीय बासिन्दा पनि उत्तिकै सचेत हुन आवश्यक रहेको उनको भनाइ छ ।

# सुदूरपश्चिममा नेकपाका अधिकांश उम्मेदवारको टुङ्गो

**सुदूरपश्चिम ।**
नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले फागुन २१ मा हुने प्रतिनिसभा सदस्य निर्वाचनका लागि सुदूरपश्चिमका अधिकांश निर्वाचन क्षेत्रमा उम्मेदवार टुङ्गो लगाएको छ ।

कैलालीका निर्वाचन क्षेत्र नं २ बाहेक अन्य सबै क्षेत्रमा उम्मेदवारको टुङ्गो लागेको पार्टीका प्रदेश सचिव जनक बुढाले जानकारी दिए । उनका अनुसार कैलाली निर्वाचन क्षेत्र नं १ मा रामलाल डगौरा थारु, क्षेत्र नं ३ मा वीरमान चौधरी र क्षेत्र नं ४ मा हरि चौधरी र क्षेत्र नम्बर ५ मा प्रेम आलेलाई उम्मेदवार बनाइने तय भएको छ ।

यस्तै, कञ्चनपुर निर्वाचन–१ मा बिना मगर, क्षेत्र नं २ मा लालबहादुर खड्का र क्षेत्र नं ३ मा मानबहादुर सुनार उम्मेदवार बन्ने निश्चित भएको छ । अछाम निर्वाचन क्षेत्र नं १ मा डा भीमबहादुर रावल र क्षेत्र नं २ मा शरद्सिंह भण्डारीको नाम टुङ्गो लागेको पनि बुढाले बताए ।

यसैगरी, डोटीमा प्रदेश सरकारका पूर्वमुख्यमन्त्रीसमेत रहेका त्रिलोचन भट्ट, बाजुरामा प्रकाशबहादुर शाह, डडेल्धुरामा मानसिंह माल, दार्चुलामा लक्ष्मणदत्त जोशी, बैतडीमा परमानन्द भट्ट र बझाङमा मीनबहादुर कुँवरलाई उम्मेदवार बनाउने करिब टुङ्गो लागेको उनले जानकारी दिए ।

कैलालीका निर्वाचन क्षेत्र नं २ पनि छिट्टै उम्मेदवारको टुङ्गो लाग्ने नेता बुढाले बताए । उनले भने, 'कैलाली क्षेत्र नं २ मा नन्दबहादुर साउदले टिकट पाउने सम्भावना छ ।'

उम्मेदवारका आकाङ्क्षी केन्द्रमा सिफारिस गरिसकेका नेपाली कांग्रेस, नेकपा (एमाले)लगायतका दलले भने अझै दलका तर्फबाट उठाइने उम्मेदवारको टुङ्गो लगाउन बाँकी छ । निर्वाचनका लागि यही माघ ६ गते उम्मेदवारको मनोनयन गर्नुपर्ने कार्यतालिका छ ।

# रास्वपाको नगरभेला

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय स्वतन्त्र पार्टीको पर्सागढी नगर भेला सम्पन्न भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी क्षेत्र न २ का क्षेत्रीय उपसभापति शान्ति ढकाल पौडेलको सभापतित्वमा भएको कार्यक्रममा पार्टीका प्रदेस सदस्य पुर्सोतमदेव उपाध्याय, शिक्षा बिभाग प्रमुख सोनालाल पटेल, पर्सा क्षेत्र न ३ का सभापति मनोज प्रसाद कुर्मी, पोखरिया नगरपालिका सभापति प्रदिप कुमार पटेल, बहुदरामाई नगरपालिका सभापति चन्दन यादब, रबिराज यादव र नवराज घिमिरेले मन्तव्य व्यक्त गरेका थिए । भेलाले कबिराज आर्याल सभापति रहने गरि १२ सदस्यीय पर्सागढि नगर कमिटी गठन गरेको छ ।


## चिसो मौसममा सुरक्षित रहौं ।




### चिसो मौसममा:

- तातो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं.
- बालबालिका र वृद्धहरूलाई चिसोबाट जोगाऔं,
- न्यानो सिरक ओढेर सुत्ने गरौं,
- जाडो मौसममा घाम तथा आगो ताप्ने गरौं,
- चिसोमा हिँडडुल (मर्निङ्ग वाक) नगरौं,
- कुनै समस्या देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

सावधानी अपनाऔं,
स्वस्थ रहौं ।

जनहितमा जारी सन्देश
पोखरिया नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
पर्सा, मधेश प्रदेश, नेपाल



## कर्पोरेट डेभलपमेन्ट बैंक लि., प्रधान कार्यलय ,गितमन्दिर रोड, वीरगंजको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रिको १५ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि विभिन्न मितिहरुमा राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने तथा १५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा विभिन्न मितिहरुमा मधेशदृष्टि राष्ट्रिय पत्रिकामा (लिलामी सूचना) १५ दिने तथा ७ दिने लिलाम सूचनाहरु प्रकाशित गर्दा समेत लिलाम हुन नसकेकोले यो धितो पुन:लिलाम सुचना प्रकाशित भएको **मितिले १६ औं दिन मिती २०८२/१०/१९ गते सोमवारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा (१६ औं दिन बिदा परकोमा त्यसको लग्तै बैंक खुलेको दिन)** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

**तपसिल**

**१)ऋणीको नाम, ठेगाना**

**क**) प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०६७ साल आश्विन महिना १९ गते रोज ३ मा नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यलय पर्सा वीरगंजमा दर्ता भै घ.तथा सा.उ.का.प्रा.फ.पर्सा.नं. ५०६७/०६७/६८, अन्तर्गत दर्ता कायम भएको तथा लखनपुर गा.वि.स ३, पर्सा कार्यालय रहेको श्री **आशा इटा उद्योग** ।

**ख**) प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०६६ साल आश्विन महिना २७ गते रोज ३ मा नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग कार्यलय पर्सा बीरगंजमा दर्ता भै प्रा.फ.र.नं. २७१३१/०६६/६७, अन्तर्गत दर्ता कायम भएको तथा बीरगंज १३, रानिघाट, पर्सा कार्यालय रहेको श्री **साहु ट्रेडर्स** ।

**ग**) प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०८० साल बैशाख महिना १४ गते रोज ५ मा नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यलय पर्सा बीरगंजमा दर्ता भै नं. प्रा.फ.र.नं. ४४६३१/०७९/८०, अन्तर्गत दर्ता कायम भएको तथा पोखरीया, फुलवरीया वडा नं. ०३, पर्सा कार्यालय रहेको **उषा पलाष्टिक सप्लायर्स** ।

**कर्जाको प्रकार:-ब्यवसायीक अधिविकर्ष कर्जा , ब्यवसायीक आवधिक कर्जा,अल्पकालिन कर्जा,गाडि कर्जा,डिमान्ढ कर्जा**

**कर्जाको सुरक्षण विवरण:**

क) गोवर्धन सा कानुको नाती ढोडा सा कानुको छोरा जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने(ना. प्र. नं. ०९४६१९७४ ,जारी मिति २०५०/१२/१८, जि.प्र.का. पर्सा) **५० बर्ष को श्री रामदयाल प्रसाद कानुको** नाममा दर्ता कायम रहेको जिल्ला पर्सा वनकटवा वडा नं ५ स्थित रहेको किता नं. २१९ को जम्मा क्षेत्रफल ०-८-१० को घरजग्गा ।

ख)शिवसाह कानुको छोरी ,ढोडासाह कानुको बुहारी ,राम दयाल प्रसाद कानुको पत्नी ,जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ५०४१ ,जारी मिति २०६७-०३-०८, जि.प्र.का.,पर्सा) **वर्ष ५२ की सुशीला साहको** नाममा दर्ता कायम रहेको पर्सा जिल्ला वीरगंज वडा नं १५ स्थित रहेको किता नं. २००, २२० को जम्मा क्षेत्रफल क्रमश: ००८०.८० र ००८८.५० व.मि.को घरजग्गा , जिल्ला पर्सा वनकटवा वडा नं. ५ स्थित रहेको किता नं. १११ , १०८, ६१६ र ७२ को जम्मा क्षेत्रफल क्रमश: ०-०-९-१२.५, ०-१-१७-८ , ०-७-११-८ र ०-१२-०-० को घरजग्गा र , जिल्ला पर्सा वनकटवा वडा नं ५ गा स्थित रहेको किता नं. ६९ को जम्मा क्षेत्रफल ०-४-६-८ को घरजग्गा ।

ग) नाम बिजाधर साहको नाती, गोवर्धन सा कानुको छोरा , जिल्ला पर्सा गा.वि.स बनकटवा वडा नं.०३, हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ०७९०१०१७ ,जारी मिति २०३६-१०-६, जि.प्र.का.पर्सा) **वर्ष ८२ को ढोडा सा कानको**नाममा दर्ता कायम रहेको पर्सा जिल्ला वनकटवा वडा नं ५ स्थित रहेको किता नं. २२७ र २२१ को जम्मा क्षेत्रफल क्रमश २८६८.३४ व.मि. र २२०१.०८ व.मि. को घरजग्गा ।

घ) महिन्द्रा एण्ड गाडी महिन्द्रा स्वराज गाडि नम्बर **ना ७ त ३४३७** को च्यासिस नं. **MBNAN48AEKTB59285** र ईन्जिन नं. **391359/SAB01227** को ट्रेक्टर ।

ङ) POWERTRAC 45 LM गाडी नम्बर **ना ७ त १४५२** को च्यासिस नं. **TO53404984FG** र ईन्जिन नं. **E3454980** को ट्रेक्टर ।

च) EICHER गाडी नम्बर **ना ६ त ५६५२** को च्यासिस नं. **925813130681** र ईन्जिन नं. **S325H85294** को ट्रेक्टर ।

छ) गाडी नम्बर **प्रदेश २ ०३ ००१ क ११३** को च्यासिस नं. **ECE07611EK023316** र ईन्जिन नं. **E4368TFE3501726** को **ESCORT XTREME BACKHOE LOADER .**

**प्रोप्राइटर तथा व्यक्तिगत जमानीकर्ताहरु :**

क) ढोडा सा कानुको नाती ,रामदयाल प्रसाद कानुको छोरा,जिल्ला पर्सा ,पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ३४–०१–७१–०३१२५ ,जारी मिति २०७१/०४/०६, जि.प्र.का.,पर्सा) **वर्ष २६ को धन्नजय कुमार कानु ।**

ख) नाम बिजाधर साहको नाती गोवर्धन सा कानुको छोराजिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ०७९०१०१७ ,जारी मिति २०३६-१०-६, जि.प्र.का.पर्सा) **वर्ष ८० को ढोडा सा कानु ।**

ग) नाम गोवर्धन सा कानुको बुहारी ,ढोडा सा कानुको पत्नी ,जिल्ला पर्सा पोखरीया नगरपालिका वडा नं. ०६ बस्ने (ना.प्र.नं. ०७९०१०१८, जारी मिति २०३६/१०/०६, जि.प्र.का.पर्सा) **वर्ष ८४ की गोलीया देवी कनुइन ।**

घ) रघुनाथ प्रसाद साह कानुको छोरी,राम दयाल प्रसाद कानुको बुहारी ,धनन्जय कुमार कानुको पत्नी जिल्ला पर्सा पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ३४–०१–७६-११६४८, जारी मिति २०७६/११/०१, जि.प्र.का.,पर्सा) **वर्ष ३५ की सुधा गुप्ता ।**

ङ)शिवसाह कानुको छोरी ,ढोडा साह कानुको बुहारी, राम दयाल प्रसाद कानुको पत्नी, जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ ,हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ५०४१ ,जारी मिति २०६७-०३-०८, जि.प्र.का,पर्सा) **वर्ष ५२ की सुशीला साह ।**

च)ढोडा सा कानुको नातीनी, रामदयाल प्रसाद कानुको छोरी, जिल्ला पर्सा,पोखरीया नगरपालिका वडा नं. ०३, बस्ने (ना.प्र.न. ३४-०१-७८-०१३७०, जारी मिति २०७८/०४/१३ जि.प्र.का. ,पर्सा) बर्ष २१ को **उषा कुमारी ।**

छ) गोवर्धन सा कानुको नाती ,ढोडा सा कानुको छोरा, जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने(ना. प्र. नं. ०९४६१९७४,जारी मिति २०५०/१२/१८, जि.प्र.का. पर्सा) ५० बर्ष को **रामदयाल प्रसाद कानु ।**

**पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**

उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७(सात) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत गर्ने अधिकार बैंकमा रहनेछ ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वत: रद्द हुनेछ ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिक्री गर्न बोलपत्र भर्न सकिनेछ । बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ माघ १८ गते आइतबार दिउँसो ४:०० बजे सम्म**

**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ माघ १९ गते सोमबार दिउँसो ४:०० बजे देखि ।**

**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, गितामन्दिर रोड, बीरगन्ज-०६, पर्सा ।**

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालय:
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट
श्रीसिया, बिरगंज । बदननगर, (जीतपुर) ।

# नेकाको वृहत्त क्षेत्रीय भेला

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेस क्षेत्रीय समिति पर्साको आयोजनामा शनिबार वीरगंजमा बृहत्त क्षेत्रीय भेला सम्पन्न भएको छ । कार्यक्रममा संविधानसभा सदस्य अनिल रुङटाले वर्तमान सभापति गगन थापाको नेतृत्वको खुलेर प्रशंसा गर्दै विगतको नेतृत्वले बदलिँदो राजनीतिक परिवेशलाई बुझ्न नसक्दा वर्तमान अवस्था सिर्जना भएको बताए ।
उनले इतिहासलाई सम्मान गर्दै पार्टीलाई एकताबद्ध बनाएर अगाडि बढ्नुपर्नेमा जोड दिए । भेलामा पार्टीको संगठनात्मक अवस्था, चुनावी रणनीति र आगामी कार्यदिशाबारे विस्तृत छलफल गरिएको थियो । सहभागी नेताहरूले पार्टीको नीति, सिद्धान्त र जनमुखी कार्यक्रमलाई जनतासम्म प्रभावकारी रूपमा पुर्‍याउन आवश्यक रहेको बताएका छन् ।
भेलामा, उपसभापति रामनारायण कुर्मी, जिल्ला सचिव तथा उपप्रमुख इम्तियाज आलम, क्षेत्रीय सभापति अनिल सिंह लगायत क्षेत्रका नेताहरू र कार्यकर्ताहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

# विद्युतीय गाडीमा अचानक आगलागी

**मधेशदृष्टि**
**वीरगंज ।**
पूर्वपश्चिम राजमार्गअन्तर्गत बाराको पथलैया– निजगढ सडक खण्डमा गुडिरहेको विद्युतीय गाडी (इभी) मा अचानक आगलागी भएको छ ।
शनिबार दिउँसो पोखराबाट काँकडभिट्टातर्फ जाँदै गरेको गाडीमा एक्कासी आगलागी भएको हो ।
जितपुर सिमरा उपमहानगरपालिका–१६ काटघाटमा, प्रदेश १–०१–००१ ख ४७ २० नम्बरको गाडी गुडिरहेको अवस्थामा जंगल क्षेत्रमा अचानक आगलागी भएको प्रहरीले जनाएको छ । आगलागीबाट इभी गाडी पुरै जलेर ध्वस्त भएको छ । सो गाडी सवार १४ जना यात्रु भने सुरक्षित रहेको बाराका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक विजयराज पण्डितले जानकारी दिएका छन् ।
विद्युतीय तार सट भएर आगलागी भएको हुन सक्ने प्रराम्भिक अनुमान गरिएको छ भने घटना बारे थप अनुसन्धान भइरहेको छ ।

# जसपाबाट यादवलाई टिकट दिइने

**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादव र पूर्व मुख्यमन्त्री लालबाबु राउतबीच छलफल सम्पन्न भएको छ । छलफलपछि पर्सा निर्वाचन क्षेत्र नम्बर १ बाट पूर्व मन्त्री प्रदीप यादवलाई उम्मेदवारको टिकट दिने निर्णय गरिएको छ । पार्टी स्रोतका अनुसार संगठन सुदृढीकरण र स्थानीय आधारलाई ध्यानमा राख्दै उक्त निर्णय गरिएको हो । जसपा नेपालले आगामी निर्वाचनमा पार्टीको प्रभावकारी उपस्थिति सुनिश्चित गर्न रणनीतिक छलफललाई निरन्तरता दिएको जनाएको छ ।

# रास्वपा–२ बाट कानु उम्मेदवार हुने

**मधेशदृष्टि**
**वीरगंज ।**
आगामी फाल्गुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पर्सा क्षेत्र नम्बर २ बाट सुसिल कुमार कानुलाई उम्मेदवार बनाउने तयारी अन्तिम चरणमा पुर्‍याएको छ । पार्टी स्रोतका अनुसार वीरगंज महानगरपालिका वडा नम्बर १० का वडाध्यक्ष कानुको उम्मेदवारी लगभग निश्चित भइसकेको छ ।
शुक्रबार राति बसेको पार्टीको आन्तरिक छलफलबाट कानुलाई औपचारिक रूपमा टिकट दिने सहमति जुटेको जनाइएको छ । रास्वपाभित्र काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन साह तथा पार्टी सभापति रवि लामिछाने समूहको समर्थनमा कानुलाई उम्मेदवार बनाइएको बताइएको छ । यसैबीच, चुनावी प्रचार–प्रसारका क्रममा बालेन साह र रवि लामिछाने पनि वीरगंज आउने तयारीमा रहेको बताइएको छ ।

# पाण्डे एमालेमा प्रवेश

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा क्षेत्र नं. ३ का नेता रुपेस पाण्डे एमालेमा प्रवेश गरेका छन् । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आज काठमण्डौमा आयोजित कार्यक्रममा पाण्डेलाई एमालेमा प्रवेश गराएका हुन् ।
कार्यक्रममा एमाले पर्साका इन्चार्ज प्रभू हजरा, केन्द्रीय सदस्य निर्मला देवकोटालगायातको सहभागिता थियो । पाण्डेको एमाले प्रवेशको कुरालाई एमाले पर्साका सचिव महेश दासले पुष्टी गरेका छन् ।

# नेसपाको उम्मेदवार टुङ्गो

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल सद्भावना पार्टीले पर्सा जिल्लाका चारै निर्वाचन क्षेत्रबाट प्रतिनिधि सभा सदस्य पदका लागि प्रत्यक्षतर्फका उम्मेदवार टुंगो लगाएको छ । जनकपुरमा सम्पन्न पार्टीको बैठकले उम्मेदवार छनोट गरेको हो ।
बैठकले पर्सा क्षेत्र नम्बर १ बाट सत्यनारायण प्रसाद रौनियार, क्षेत्र नम्बर २ बाट रुपेश कुमार रौनियार, क्षेत्र नम्बर ३ बाट आराचना कुमारी रौनियार तथा क्षेत्र नम्बर ४ बाट किस्मती देवी रौनियारलाई प्रत्यक्षतर्फको उम्मेदवार बनाउने निर्णय गरेको हो ।
पार्टीका राष्ट्रिय अध्यक्ष रामचन्द्र कुशवाहसहित मधेश प्रदेश अध्यक्ष रुपेश कुमार रौनियार लगायतका नेताहरुको उपस्थितिमा सम्पन्न बैठकले पार्टीलाई सशक्त बनाउँदै मधेशको विकास र समृद्धिका लागि सद्भावना पार्टीको जनाधार बलियो बनाउनुपर्नेमा वक्ताहरुले जोड दिएका थिए ।

# महोत्तरीमा चार लाख ३१ हजार मतदाता कायम

**महोत्तरी ।**
जिल्ला निर्वाचन कार्यालयले मतदाता नामावली अद्यावधिक गरेको छ । उक्त कार्यालयका अनुसार जिल्लामा चार लाख ३१ हजार २८२ जना मतदाता कायम भएका छन् । जिल्ला निर्वाचन अधिकारी रञ्जिता झाले चारवटा निर्वाचन क्षेत्र रहेको महोत्तरीमा निर्वाचन क्षेत्र नम्बर १ मा ५६ हजार २२२ पुरुष, ४९ हजार ४२२ महिला र अन्य दुई जना गरी जम्मा मतदाता संख्या एक लाख पाँच हजार ६४६ जना कायम भएका छन् ।
यसैगरी, निर्वाचन क्षेत्र नं २ मा ५८ हजार ८६१ पुरुष र ४८ हजार ७३३ महिला, निर्वाचन क्षेत्र नं ३ मा ५९ हजार ९५० पुरुष र ५० हजार ८८६ महिला, निर्वाचन क्षेत्र नं ४ मा ६० हजार १५० पुरुष र ४७ हजार ४५६ महिला कायम भएका निर्वाचन अधिकारी झाले बताइन् ।
यसैगरी, ३४ हजार २५२ नयाँ मतदाता थपिएका छन् । योसँगै जिल्लामा मतदाता संख्या चार लाख ३१ हजार २८२ पुगेको छ । यसअघि जिल्लामा तीन लाख ९७ हजार ३० जना मतदाता थिए । अब जिल्लामा २५८ मतदानस्थल र ५३६ मतदान केन्द्र कायम भएका छन् । जिल्लाको निर्वाचन क्षेत्र नं १ मा जम्मा ५९ वटा मतदानस्थल र १३० वटा मतदान केन्द्र कायम भएका छन् । यसैगरी, क्षेत्र नं २ मा ६२ वटा मतदानस्थल र १३३ वटा मतदान केन्द्र, क्षेत्र नं ३ मा ७७ वटा मतदानस्थल र १४२ वटा मतदान केन्द्र, क्षेत्र नं ४ मा ६० वटा मतदानस्थल र १३१ वटा मतदान केन्द्र कायम भएका छन् । रासस

# गढीमाई प्रिमियर लिगः

## सानो पाइला पर्सा टस्क्सको लगातार दोस्रो जित

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका–२० अपौनीमा जारी दोस्रो गढीमाई प्रिमियर लिग क्रिकेट प्रतियोगितामा सानो पाइला पर्सा टस्क्सले लगातार दोस्रो जित हात पार्दै आफ्नो उत्कृष्ट लयलाई निरन्तरता दिएको छ । शुक्रबार सम्पन्न खेलमा सानो पाइलाले तामाश्री नेपाललाई १० विकेटको फराकिलो अन्तरले पराजित गर्दै प्रतियोगितामा सुखद सुरुआतलाई मजबुत बनाएको हो ।
टस जितेर पहिला ब्याटिङ गरेको तामाश्री नेपाल सानो पाइलाका बलरहरूको कसीलो प्रदर्शनअघि टिक्न नसक्दा १५.२ ओभरमा जम्मा ९० रनमै अलआउट भयो । सुरुआतदेखि नै कडा दबाब बनाएका सानो पाइलाका बलरहरूले तामाश्रीलाई ठूलो स्कोरतर्फ जान दिएनन् । सामान्य लक्ष्य पछ्याउने क्रममा सानो पाइलाका ओपनरहरू पूर्ण रूपमा हाबी भए । ओपनर सोहेब अख्तरले आक्रामक ब्याटिङ गर्दै २८ बलमा ३ छक्का र ४ चौकासहित ४३ रन जोडे । उनलाई अर्का ओपनर बिक्रमले उत्कृष्ट साथ दिँदै १९ बलमा १ छक्का र ४ चौकासहित २८ रन बनाए ।
दुवै ओपनरको अविजित साझेदारीमा सानो पाइलाले ९.२ ओभरमै ९१ रन बनाउँदै विकेट नगुमाई सहज जित हात पार्‍यो । अलराउन्ड प्रदर्शन गरेका सोहेब अख्तर खेलको 'म्यान अफ दि म्याच' घोषित भए । उनलाई आयोजक चेक नेपालका अध्यक्ष दामोदर (उपेन्द्र) यादव तथा नेपाली कांग्रेस पर्साका कार्यबाहक सभापति रामनारायण कुर्मीले नगद १ हजार रुपैयाँ प्रदान गरे । सोहेबले ब्याटिङसँगै बलिङतर्फ पनि उत्कृष्ट प्रदर्शन गर्दै ३ ओभरमा मात्र १३ रन खर्चिएर २ विकेट लिएका थिए ।




यसअघि सानो पाइला पर्सा टस्क्सले जेनजी नेपाललाई पराजित गर्दै प्रतियोगितामा पहिलो जित दर्ता गरिसकेको छ । लगातार दोस्रो जितसँगै सानो पाइलाको मनोबल उच्च देखिएको छ । अब सानो पाइलाले आइतबार टेढा टाइगरसँग प्रतिस्पर्धा गर्नेछ ।
चेक नेपालको आयोजनामा पुष २६ गतेदेखि सुरु भएको प्रतियोगितामा साउथ जोन स्कुल, हर्पतगञ्ज युथ किङ, अठराह स्ट्राइकर्स, जेनजी नेपाल, टेढा टाइगर, अल्फा एभेन्जर, तामाश्री नेपाल, सुधिर वारियर, सखुवा प्रसौनी (एसपी) टाइगर तथा सानो पाइला पर्सा टस्क्स गरी ११ टोली सहभागी छन् । प्रतियोगिताको विजेताले नगद ७५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले नगद ३५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउनेछ । तेस्रो तथा सान्त्वना स्थान हासिल गर्ने टोलीका लागि पनि नगदसहित विभिन्न पुरस्कारको व्यवस्था गरिएको आयोजकले जनाएको छ । प्रतियोगिताको फाइनल खेल यही माघ १० गते हुनेछ ।
आयोजक चेक नेपालका अध्यक्ष दामोदर यादवका अनुसार ग्रामीण क्षेत्रका खेलाडीलाई प्रोत्साहन गर्ने र युवालाई खेलतर्फ आकर्षित गर्ने उद्देश्यले गत वर्षदेखि गढीमाई प्रिमियर लिग आयोजना हुँदै आएको हो ।
'ग्रामीण भेगमा धेरै प्रतिभावान खेलाडी छन्, तर उनीहरू अवसरको अभावमा ओझेलमा पर्छन् । यही सोचका साथ यो प्रतियोगिता सुरु गरेका हौं,' यादवले भने । उनका अनुसार पहिलो संस्करणमा सहभागी केही खेलाडीले प्रधानमन्त्री कपलगायत ठूला प्रतियोगितामा समेत अवसर पाइसकेका छन् । पर्सा क्रिकेट संघको नजर ग्रामीण क्षेत्रका खेलाडीमा पुगोस् र उनीहरूलाई मूलधारको क्रिकेटसम्म पुर्‍याउन सहयोग होस् भन्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको यादवको भनाइ छ ।

# ६ महिनामा ५ करोड बढि राजस्व संकलन




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका कार्यालयले चालू आ.व. को छ महीनामा गत आवको तुलनामा करीब पाँच करोड रुपैयाँ बढी राजस्व सङ्कलन गरेको छ ।
महानगरको राजस्व महाशाखा प्रमुख मनोज कर्णले गत आव २०८१/८२ मा महानगरले साउनदेखि पुस मसान्तसम्म छ महीना अवधिमा २६ करोड एक लाख ७० हजार ८२२ रुपैयाँ राजस्व सङ्कलन गरेकोमा चालू आव २०८२÷८३ को सोही अवधिसम्म ३० करोड ९७ लाख ४० हजार ९११ रुपैयाँ राजस्व सङ्कलन गरेको बताए ।
उनकाअनुसार सम्पत्ति कर रु ११ करोड आठ लाख ८७ हजार ६३१, भूमिकर÷मालपोत ५२ लाख ४० हजार ७३०, घरबहाल कर दुई करोड ९० लाख ५७ हजार ३२६, बहाल बिटौरी कर ३० लाख २५ हजार ५००, सवारीसाधन कर (साना सवारी) पाँच लाख ७६ हजार ७१२, पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर तीन करोड ६६ लाख ८८ हजार ६००, अन्य मनोरञ्जन कर नौ लाख २६ हजार ८११, व्यवसाय रजिस्ट्रेशन दस्तुर एक करोड ३० लाख ७८ हजार सङ्कलन भएको छ ।

# माईधिया पोखरीको सरसफाई

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका–१६ नागवास्थित ऐतिहासिक माईधिया पोखरी लामो समयदेखि बेवास्तामा परेपछि स्थानीय युवाहरूको पहलमा शुक्रबार व्यापक सरसफाइ कार्यक्रम सम्पन्न भएको छ । स्थानीयका अनुसार पोखरी वरपर फोहोर, झारपात र दुर्गन्ध बढ्दै जाँदा यसको स्वरूप निकै बिग्रिएको थियो । राज्य तथा स्थानीय निकायबाट ठोस पहल नहुँदा पोखरीको अस्तित्व नै संकटमा परेको उनीहरूको भनाइ छ । यसैलाई मध्यनजर गर्दै युवाहरूले जागरूकता अभियानसहित सरसफाइ कार्यक्रम सञ्चालन गर्दै पोखरी वरपर जमेको फोहोर हटाएका छन् ।

# निःशुल्क स्वास्थ्य परीक्षण

**मधेशदृष्टि**
**बीरगंज ।**
जेष्ठ नागरिकहरूको स्वास्थ्य प्रवद्र्धन गर्न आयोजित निःशुल्क स्वास्थ्य परीक्षण तथा परामर्श कार्यक्रम सम्पन्न भएको छ । यो कार्यक्रम जेष्ठ नागरिक संघ, पर्सा (वीरगञ्ज) को आयोजनामा प्रभु अस्पतालको सक्रिय सहभागितामा सम्पन्न भएको हो ।
कार्यक्रममा प्रभु अस्पतालका डा. मनोज गुप्ता, डा. लक्ष्मी थापा र डा. विलय सुवेदीले जेष्ठ नागरिकहरूको स्वास्थ्य परीक्षण गरी आवश्यक सुझाव र परामर्श प्रदान गरेका थिए । अस्पताललले चिकित्सक, स्वास्थ्य सामग्री र परामर्श सेवा उपलब्ध गराएर कार्यक्रमलाई प्रभावकारी बनाएको आयोजकले जनाएको छ ।

# एसइइ नतिजा सुधार विषयक सेमिनार



**मधेशदृष्टि**
**वीरगंज ।**
आदित्य एजुकेशन फाउन्डेसनको आयोजनामा वीरगंजमा एसइइ नतिजा सुधार विषयक सेमिनार सम्पन्न भएको छ । सेमिनारलाई सम्बोधन गर्दै बाराको बिश्रामपुर गाउँपालिकाका अध्यक्ष जुबेर अली भुठोले एसइइलाई केवल परीक्षा मात्र नभई जीवनको महत्वपूर्ण मोडका रूपमा लिन आग्रह गर्दै अनुशासन, निरन्तर अध्ययन र आत्मविश्वासले सफलता सुनिश्चित हुने बताए ।
नेशनल प्याब्सनका केन्द्रीय वरिष्ठ उपाध्यक्ष रामबिनय चौरसियाले एसइइ नतिजा सुधारका लागि विद्यार्थीले लगनशीलताका साथ अध्ययनलाई निरन्तरता दिनुपर्नेमा जोड दिए । विज्ञान विषयका विज्ञ तथा लेखक डा. चिन्तामनी पन्थी, गणित विषयका विज्ञ श्यामदत्त अधिकारी, अङ्ग्रेजी विषयका दिपेन्द्र प्रसाद कानु, नेपाली विषयका चिरञ्जीवी सापकोटा र सामाजिक विषयका जयप्रकाश मेहताले परीक्षा तयारी, समय व्यवस्थापन र उत्तर लेखनका प्रभावकारी तरिकाबारे विद्यार्थीलाई प्रशिक्षण दिएका हुन् ।
फाउन्डेसनका प्रमुख कार्यकारी अधिकृत तथा संस्थापक टप्पु कुमार पालले एसइइमा अध्ययनरत विद्यार्थीलाई परीक्षामा राम्रो अंक ल्याउन प्रेरित गर्ने उद्देश्यले सेमिनार आयोजना गरिएको बताए ।

# धनौजी गाउँपालिकाको १४औँ गाउँसभा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको धनौजी गाउँपालिकाको १४औँ गाउँसभा (हिउँदे अधिवेशन) सम्पन्न भएको छ । गाउँपालिकाको सभाहलमा सम्पन्न अधिवेशनले चालु आर्थिक वर्षमा कार्यान्वयन गरिने योजना तथा कार्यक्रमहरूलाई पुनरावलोकन गर्दै जनआवश्यकता केन्द्रित योजनालाई प्राथमिकतामा राख्ने निर्णय गरेको छ ।
गाउँसभाले सीमित स्रोतसाधनको अधिकतम उपयोग गर्दै प्रत्यक्ष रूपमा जनजीवनमा सकारात्मक प्रभाव पार्ने योजनाहरू अघि बढाउने र आवश्यकता नदेखिएका तथा जनहितविपरीतका कार्यक्रमहरू कटौती गर्ने नीति अवलम्बन गर्ने स्पष्ट सन्देश दिएको छ ।
गाउँसभालाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष राजकुमार साहले चालु आर्थिक वर्षका बाँकी चौमासिक अवधिमा प्राथमिकतामा परेका योजनाहरू प्रभावकारी रूपमा सञ्चालन गरिने बताए । उनले वडा तहदेखि गाउँपालिका स्तरसम्मका योजनाहरूको पुनः समीक्षा गरी जनमुखी र




व्यवहारिक योजना अघि बढाइने स्पष्ट पारे ।
१४औँ गाउँसभामा वडाध्यक्ष, गाउँसभा सदस्य तथा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागीता रहेको थियो ।
अधिवेशनमा गाउँपालिकाको समग्र विकास, सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई केन्द्रमा राख्दै नीति तथा कार्यक्रमहरू प्रस्तुत गरिएको थियो ।
सभामा शिक्षा, स्वास्थ्य, कृषि, सडक तथा भौतिक पूर्वाधार, खानेपानी, सरसफाइ, रोजगारी सृजना र सामाजिक सुरक्षा क्षेत्रका योजनाहरूलाई विशेष प्राथमिकतामा राखिने जनाइएको छ । खर्चिलो तर प्रभावहीन कार्यक्रमहरूको पुनरावलोकन गरी आवश्यक परे बजेट कटौती गर्ने निर्णय पनि गरिएको छ ।

# कम्बल वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सागढी नगरपालिका वडा नम्बर ५ स्थित पर्सागढी कृषि सहकारी संस्थाको १७ औ साधारण सभा सम्पन्न भएको छ । सभाको उदघाटन पर्सागढी नगरपालिकाका पूर्व नगरप्रमुख लोकनारायण यादवले गरेका हुन् ।
कार्यक्रममा ३५ जना एकल महिला, ज्येष्ठ नागरिक, असहाय अपाङ्ग दलितलगायतलाई कम्बल वितरण गरिएको थियो ।

## सम्पादकीय

# मधेश, बालेन र रास्वपाको राजनीतिक प्रयोग

मधेशको राजनीतिमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले काठमाडौँ महानगरपालिकाका मेयर बालेन साहलाई 'ब्रान्ड'का रूपमा प्रयोग गर्ने नीति लिएको देखिन्छ। परम्परागत दलप्रति बढेको वितृष्णा, युवामाझको आक्रोश र 'नयाँ राजनीति'को चाहनालाई क्याप्चर गर्न बालेनको छवि उपयोगी अवश्य छ।

तर प्रश्न यो होः यो रणनीतिले मधेशमा रास्वपाको मत साँच्चै बढाउँछ कि केवल चर्चा मात्र बनाउँछ ? मधेशको राजनीति पहिचान, अधिकार, प्रतिनिधित्व र राज्यसत्तासँगको ऐतिहासिक असन्तुष्टिमा आधारित छ। यहाँ मतदाता भावनात्मक नाराभन्दा पनि 'आफ्नो आवाज'
खोज्छन्।

बालेनको प्रशासकीय छवि, काठमाडौँ केन्द्रित कार्यशैली र शहरी एजेन्डा मधेशका ग्रामीण–सीमावर्ती सरोकारसँग प्रत्यक्ष जुरिएको छैन। त्यसैले उनको नाम मात्रले मधेशमा मत बटुल्ने सम्भावना सीमित देखिन्छःजबसम्म रास्वपाले मधेशका मुद्दामा स्पष्ट नीति, स्थानीय नेतृत्व र संगठनात्मक उपस्थितिलाई प्राथमिकता दिँदैन । अर्कोतर्फ, बालेन स्वयम् 'मधेशका छोरा' भन्दै झापातिर चुनाव उठ्ने संकेत दिनु पनि रोचक छ। यसले पहिचानको राजनीति कति सजिलै स्थानान्तरित हुन्छ भन्ने देखाउँछ।

मधेशका मतदाताले यस्ता दाबीलाई भावनात्मक भन्दा पनि व्यावहारिक दृष्टिले हेर्छन्। उम्मेदवार कहाँ उभिन्छ, कसका मुद्दा उठाउँछ र संकटमा कसरी साथ दिन्छ ? झापातिरको सम्भावित उम्मेदवारीले मधेशमा रास्वपाको सन्देश झनै द्विविधापूर्ण बनाउन सक्छ । निष्कर्षमा, बालेनलाई मार्केटिङ गरेर रास्वपाले मधेशमा चर्चा त पाउन सक्छ, तर मत रूपान्तरण सजिलो छैन। मधेशका लागि 'ब्रान्ड' होइन, भरोसा चाहिन्छ—स्थानीय नेतृत्व, स्पष्ट नीति र दीर्घकालीन प्रतिबद्धता। यी बिना बालेनको नाम मधेशमा चुनावी हावा त बन्न सक्छ, तर स्थायी राजनीतिक जमिन बन्ने सम्भावना कमै देखिन्छ।

# राजनीतिक पार्टीमा परिवर्तन व्यवस्थापनः सक्किने या सच्चिने ?



**माधवकुमार पौडेल**

परिवर्तन संसारको शाश्वत र अपरिहार्य नियम हो। कुनै पनि सङ्गठनलाई वर्तमान अवस्थाबाट अपेक्षित भविष्यको अवस्थामा लैजाने सुविचारित प्रक्रिया 'परिवर्तन व्यवस्थापन' हो। दलहरू लोकतन्त्रका मेरुदण्ड हुन्। २००७ सालदेखि हालसम्मको इतिहास हेर्दा नेपाली दलहरू राजनीतिक व्यवस्था परिवर्तन गर्न त सफल भए, तर आफ्नै आन्तरिक संरचना र कार्यशैलीमा अपेक्षित परिवर्तन ल्याउन सकेका छैनन्। व्यवस्था परिवर्तनमा ऐतिहासिक भूमिका खेले तापनि आफ्नै आन्तरिक व्यवस्थापनमा भने चुनौतीहरू झेलिरहेका छन्। दलहरूभित्र विद्यमान 'यथास्थितिवाद' लाई चिर्दै कसरी एक आधुनिक, प्रविधिमैत्री र उत्तरदायी सङ्गठन निर्माण गर्न सकिन्छ भन्ने पक्षमा अबको बहस केन्द्रित हुने देखिन्छ।

नेपालका राजनीतिक दलहरूमा नेतृत्वको जाम छ। शीर्ष तहमा लामो समयदेखि एउटै अनुहारहरू छन्। पुस्तान्तरणको दबाब यतिबेला जबरजस्त रूपमा उठिरहेको छ। नेपालको जनसंख्याको ठूलो हिस्सा युवा छ। ६०–७० वर्ष उमेरका नेताहरूले २० वर्षका युवाका सपना बुझ्न नसक्दा दलहरूमा 'ग्याप' (अन्तराल) देखिएको छ। पुरानो 'वाद' र आजको 'आवश्यकता' बीच तालमेलको अभाव देखिन्छ। विचारधारात्मक अस्पष्टता छ। नीतिभन्दा व्यक्ति केन्द्रित समूहहरू हावी भएर गुटबन्दीको समस्याबाट दलहरू गुज्रिरहेका छन्।

२०७९ को निर्वाचनपछि उदाएका नयाँ दलहरूले पुराना दलहरूलाई 'परिवर्तन नभए सकिने' चेतावनी दिइरहेका छन्। जनताले अब मन्त्रमुग्ध पार्ने भाषण होइन, सुशासन र सेवा प्रवाह खोजिरहेका छन्। युगसापेक्ष विचारधाराको सङ्कट देखिँदै छ। समाजवाद, पुँजीवाद वा साम्यवादका पुराना परिभाषाले आजको जटिल अर्थतन्त्रलाई सम्बोधन गर्न सकेका छैनन्। यिनै प्रमुख कारणहरूले गर्दा नेपाली राजनीतिमा परिवर्तन अपरिहार्य देखिन्छ।

कसरी गर्ने परिवर्तन ?

परिवर्तन व्यवस्थापनमा नेतृत्वको भूमिका सधैँ महत्त्वपूर्ण हुन्छ। कुनै पनि परिवर्तन सफल हुन नेतृत्वमा 'हतारोको बोध' हुनुपर्छ। यदि नेतृत्वले 'हामी सुरक्षित छौँ' भन्ने सोचिरह्यो भने परिवर्तन सम्भव छैन। नेताले बाटो देखाउने मात्र होइन, बाटो बनाउने र हिँड्ने साहस पनि गर्नुपर्छ। नेपाली सन्दर्भमा नेतृत्वले आफ्ना चाकरी गर्नेहरू ('यस–म्यान') लाई छोडेर आलोचनात्मक चेत भएकाहरू ('क्रिटिकल थिङ्कर्स') लाई साथमा लिनु नै परिवर्तनको पहिलो खुड्किलो हुनेछ।

राजनीतिक दलहरूले परिवर्तन व्यवस्थापनको मोडल अपनाएर आफूलाई रूपान्तरण गर्न सक्छन्। त्यसका लागि अपरिहार्यताको बोध हुनुपर्दछ। "परिवर्तन नभए अस्तित्व समाप्त हुन्छ" भन्ने भावना कार्यकर्तामा जागृत गर्नुपर्दछ। नेपाली राजनीतिमा एउटा ठूलो भ्रम छ—'नयाँ आउनु भनेको पुरानालाई हटाउनु मात्र हो।' परिवर्तन व्यवस्थापनले सहअस्तित्वको वकालत गर्छ। दीर्घकालीन रूपमा उमेर र कार्यकालको आधारमा नेतृत्व हस्तान्तरणको अनिवार्य व्यवस्था गरिनुपर्छ। निश्चित उमेर (जस्तैः ७० वर्ष) पछि सक्रिय कार्यकारी पदबाट अवकाश लिने संस्कृति बसाल्दै उनीहरूलाई 'सल्लाहकार' वा 'थिङ्क ट्याङ्क' को भूमिकामा राखेर युवाहरूलाई कार्यकारी पद हस्तान्तरण गरी अनुभव र जोसको संयोजन गर्न सकिन्छ।

पार्टीभित्रै 'लिडरसिप एकेडेमी' स्थापना गरी कार्यकर्ताहरूलाई नीति, नियम र विश्व राजनीतिका बारेमा प्रशिक्षित गर्न नेतृत्व विकास कार्यक्रम सञ्चालन गर्नुपर्दछ। संरचनात्मक सुधार, नेतृत्व विकास र पुस्तान्तरण (सक्सेसन प्लानिङ) परिवर्तन व्यवस्थापनका प्रमुख आधार स्तम्भ हुन्। परम्परागत 'पिरामिड' शैलीको केन्द्रीकृत संरचनालाई भत्काएर 'नेटवर्क' शैलीको विकेन्द्रीकृत संरचना बनाउनु आवश्यक छ।

परिवर्तन गर्न खोज्दा विरोध र प्रतिरोध हुन्छ नै। पुराना पुस्ता वा यथास्थितिबाट फाइदा उठाइरहेका समूहहरूले परिवर्तनको प्रतिरोध गर्छन्। परिवर्तन किन आवश्यक छ भन्नेबारे विरोधी पक्षलाई बुझाउने र उनीहरूलाई प्रक्रियामा सहभागी गराउने गरी संवाद र सहभागिता सुनिश्चित गरेर प्रतिरोध व्यवस्थापन गर्न सकिन्छ। पार्टीभित्र उत्पन्न हुने गुटगत विवादलाई हल गर्न स्वतन्त्र 'अनुशासन आयोग' वा 'मध्यस्थता केन्द्र' बनाई प्रभावकारी ढङ्गले काम गर्न दिनुपर्दछ।

विभागहरूको व्यावसायिकीकरण गरिनुपर्दछ। पार्टीका विभागहरूलाई केवल कार्यकर्ता व्यवस्थापन गर्ने थलो मात्र नबनाई 'थिङ्क ट्याङ्क' का रूपमा विकास गरिनुपर्छ। प्रतिपक्षमा हुँदा विषयगत विज्ञता हासिल गर्न 'छायाँ मन्त्रालय' हरूको सक्रियता बढाई छायाँ सरकारको अवधारणा अभ्यास गर्ने परिपाटीको विकास गरिनुपर्छ। राजनीतिमा अवकाश र नयाँलाई अवसर दिने स्पष्ट नीति हुनुपर्छ।

प्रमुख पदहरूमा दुई कार्यकालभन्दा बढी बस्न नपाउने गरी कार्यकाल सीमाको प्रबन्ध विधान वा संविधानमा नै गरिनुपर्दछ। पट्यारलाग्दा परम्परागत कार्यकर्ता प्रशिक्षण र भाषणको सट्टा अनुभवी नेताहरूले युवा कार्यकर्तालाई 'ग्रुम' गर्ने प्रणाली स्थापित गर्न 'मेन्टरसिप' कार्यक्रम सञ्चालन गर्ने परिपाटी बसाल्नुपर्दछ।

परिवर्तन चाहने प्रभावशाली नेताहरूको शक्तिशाली गठबन्धन निर्माण गरेर जान सकिन्छ। दृष्टिकोण (भिजन) निर्माण गर्न आगामी २० वर्षको नेपाल र पार्टीको स्पष्ट चित्र कोर्दै उक्त भिजनलाई गाउँ तहसम्मका कार्यकर्तामाझ पु¥याइनुपर्दछ। परिवर्तनमा बाधा पु¥याउने पुराना नियम र संरचना खारेज गरेर जानुपर्छ। स–साना सुधार गरेर कार्यकर्तामा छोटो समयका सफलतामार्फत आत्मविश्वास भर्न सकिन्छ र यस्ता सुधारलाई निरन्तरता दिँदै जानुपर्छ। नयाँ कार्यशैलीलाई पार्टीको संस्कार बनाउनुपर्छ।

नेपाली दलहरूमा परिवर्तनको सबैभन्दा ठूलो बाधक 'टिकट वितरण प्रणाली' हो। परिवर्तन व्यवस्थापनको एउटा मुख्य कडी भनेको सङ्गठनभित्र सही व्यक्तिलाई सही स्थान दिनु हो। हालको पद्धतिमा केन्द्रले जिल्ला वा क्षेत्रको भावना नबुझी उम्मेदवार तोक्ने प्रचलन छ। उम्मेदवार छनोट गर्ने अधिकार सम्बन्धित निर्वाचन क्षेत्रका साधारण सदस्यहरूलाई मात्र हुनुपर्छ। केन्द्रीकृत शक्तिको अन्त्य हुनुपर्दछ। जब शक्ति केन्द्रबाट तल्लो तहमा जान्छ, तब पार्टीमा कार्यकर्ताको स्वामित्व बढ्छ।

परिवर्तन व्यवस्थापनको सैद्धान्तिक पक्षलाई तीन मुख्य आयामबाट हेर्न सकिन्छः

१. सांस्कृतिक परिवर्तनः परम्परागत 'सामन्ती' र 'चाकरी' प्रथाबाट बाहिर निस्केर लोकतान्त्रिक र योग्यतामा आधारित संस्कृति निर्माण गर्नु।

२. संरचनात्मक परिवर्तनः केन्द्रीकृत निर्णय प्रक्रियालाई विकेन्द्रीकृत गरी स्थानीय तहलाई बलियो बनाउनु।

३. प्राविधिक परिवर्तनः तथ्याङ्कमा आधारित राजनीति र डिजिटल सदस्यता व्यवस्थापन।

प्रविधि र तथ्याङ्कमा आधारित राजनीति

परम्परागत राजनीति 'अनुमान' र 'हल्ला' मा चल्थ्यो। आधुनिक विश्वमा सूचना नै शक्ति हो। नेपाली दलहरूले आफ्ना सूचना र निर्णय प्रक्रियालाई डिजिटल बनाउनु अपरिहार्य छ। आधुनिक परिवर्तन व्यवस्थापनमा 'डाटा' (तथ्याङ्क) मुख्य आधार हो। कुन क्षेत्रका मतदाता के चाहन्छन् भन्ने तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने संयन्त्र दलहरूमा हुनुपर्छ। नक्कली सदस्यता रोक्न र वास्तविक कार्यकर्ताको अभिलेख राख्न 'ब्लकचेन' वा सुरक्षित 'क्लाउड' प्रणालीको प्रयोग आवश्यक हुन्छ। जनताका गुनासाहरू सिधै नेतृत्वसम्म पुग्ने एप वा डिजिटल पोर्टलको विकासमार्फत 'फिडब्याक लुप' बनाउनुपर्छ।

डिजिटल रूपान्तरण र तथ्याङ्क व्यवस्थापनमा ध्यान दिनुपर्दछ। डिजिटल युगमा दलहरूले 'डाटा' लाई मुख्य हतियार बनाउन सक्नुपर्छ। यसका लागि मतदाताको रुचि र समस्या बुझ्न 'भोटर रिलेसनसिप म्यानेजमेन्ट' जस्ता सफ्टवेयरको प्रयोग गर्न सकिन्छ। डिजिटल वालेटको प्रयोग गरेर ई–लेबी प्रणाली स्थापना गरी कार्यकर्ताको सहयोग र लेबीलाई पारदर्शी बनाउन सकिन्छ।

देशैभरका कार्यकर्ता वा जनतासँग एकै पटक संवाद गर्न सक्ने प्रविधिको विकास गर्न सकिन्छ। नीतिगत निर्णयहरूमा साधारण सदस्यहरूको राय लिन मोबाइल एपमार्फत अनलाइन भोटिङको प्रबन्ध गर्नुपर्छ। निर्वाचन क्षेत्रको जनसांख्यिकीय विश्लेषण र मतदाताको चाहना बुझ्न एआईको प्रयोग बढाउनुपर्छ। दलहरूको भविष्य उनीहरूको 'अनुकूलन क्षमता' मा निर्भर रहन्छ। यसका लागि पार्टीको आर्थिक अडिट र सदस्यताको डिजिटल प्रमाणीकरण तत्काल गर्नुपर्छ।

चुनौतीहरू र अगाडिको बाटो

नेपालका दलहरूमा 'नातावाद' र 'कृपावाद' को ठूलो समस्या छ। यसलाई चिर्न योग्यतामा आधारित पदोन्नति प्रणाली लागू गर्नुपर्छ। कार्यकर्ताहरूले निर्वाचनमा गरेको योगदान, जनतासँगको सम्बन्ध र नीतिगत योगदानका आधारमा उनीहरूको मूल्याङ्कन गरिनुपर्छ। केवल माथिल्लो तहको निर्वाचन होइन, तल्लो तहका कमिटीहरूमा पनि निर्वाचन र कार्यक्षमताका आधारमा नेतृत्व चयन हुनुपर्छ। टिकट वितरण प्रणालीलाई पारदर्शी बनाउन मध्यकालीन रणनीतिका रूपमा उम्मेदवार चयनमा 'प्राइमरी' चुनावको अभ्यास सुरु गर्ने र 'मेरिटोक्रेसी' (योग्यता प्रणाली) लागू गर्नुपर्दछ।

परिवर्तन व्यवस्थापनको अर्को कडा चुनौती आर्थिक स्रोतको व्यवस्थापन हो। नेपाली दलहरूमा चन्दा र अपारदर्शी लगानीले नीतिगत भ्रष्टाचार बढाएको छ। साना–साना सहयोगहरू अनलाइनमार्फत सङ्कलन गर्ने परिपाटी बसाल्नुपर्छ। पार्टीको आम्दानी र खर्चको विवरण निर्वाचन आयोगमा बुझाउने मात्र होइन, वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्छ। मत संख्याका आधारमा दलहरूलाई राज्यले नै बजेट दिने व्यवस्था गरेमा व्यापारिक घरानाको अवाञ्छित प्रभाव कम गर्न सकिन्छ।

नेतृत्व तहमा रहेका व्यक्तिहरू आफ्नो शक्ति गुम्ने डरले नयाँ विचार र व्यक्तिलाई ठाउँ दिन चाहेको देखिँदैन। शक्ति गुम्ने डरले पार्टीहरूमा आन्तरिक विद्रोह जन्मिरहेका छन्। 'यस्तै चल्दै आएको छ' भन्ने जड मानसिकता र परिवर्तनका नाममा सस्तो लोकप्रियतामा लाग्ने 'पपुलिजम' को खतरा जस्ता सम्भावित जोखिम र चुनौतीहरू आउन सक्छन्।

समाज द्रुत गतिमा डिजिटलाइज हुँदैछ, युवा पुस्ताको आकाङ्क्षा बढ्दो छ र विश्वव्यापी भूराजनीति फेरिँदै छ। यस्तो अवस्थामा पुराना दलहरूले आफूलाई 'अपडेट' नगर्ने हो भने उनीहरूको सान्दर्भिकता समाप्त हुने जोखिम देखिन्छ।

परिवर्तन गर्न खोज्दा विरोध र प्रतिरोध हुन्छ नै। पुराना पुस्ता वा यथास्थितिबाट फाइदा उठाइरहेका समूहहरूले परिवर्तनको प्रतिरोध गर्छन्। परिवर्तन किन आवश्यक छ भन्नेबारे विरोधी पक्षलाई बुझाउने र उनीहरूलाई प्रक्रियामा सहभागी गराउने गरी संवाद र सहभागिता सुनिश्चित गरेर प्रतिरोध व्यवस्थापन गर्न सकिन्छ। पार्टीभित्र उत्पन्न हुने गुटगत विवादलाई हल गर्न स्वतन्त्र 'अनुशासन आयोग' वा 'मध्यस्थता केन्द्र' बनाई प्रभावकारी ढङ्गले काम गर्न दिनुपर्दछ।

परिवर्तन भन्न जति सजिलो छ, लागू गर्न त्यति नै गाह्रो छ। विचारभन्दा व्यक्ति केन्द्रित गुटहरूले गर्दा संस्थागत परिवर्तन ओझेलमा पर्छ। लेबी र चन्दाको अपारदर्शी प्रणालीले गर्दा इमानदार कार्यकर्ताभन्दा 'डन' र 'धन' भएकाहरूको बोलवाला बढ्छ। महाधिवेशनहरू नीति निर्माण गर्ने थलोभन्दा पनि कर्मकाण्डी हुनु र नेतृत्व हत्याउने दाउपेचमा मात्र सीमित हुनु यसका अवरोधहरू हुन्।

समावेशिता र सामाजिक न्यायको व्यवस्थापन गर्नुपर्छ। परिवर्तन व्यवस्थापन केवल संरचनामा मात्र होइन, सोचमा पनि हुनुपर्छ। नेपालको विविधतालाई दलहरूको नेतृत्वमा प्रतिबिम्बित गर्नु नै वास्तविक परिवर्तन हो। महिला, दलित, जनजाति र अल्पसंख्यकको संख्यात्मक उपस्थिति मात्र होइन, निर्णय प्रक्रियामा उनीहरूको अर्थपूर्ण सहभागिता खोज्नुपर्छ। पार्टीका प्रमुख पदहरूमा पनि विविधता सुनिश्चित गर्ने समावेशी नेतृत्व मोडलको वैधानिक व्यवस्था गरिनुपर्छ।

अन्य देशका दलहरूले कसरी आफूलाई बदले भन्ने कुराबाट पनि सिक्न सकिन्छ। जस्तैः बेलायतको लेबर पार्टीले टोनी ब्लेयरको समयमा 'न्यू लेबर' को अवधारणा ल्याएर पार्टीलाई आधुनिक बनाएको कुरा र जर्मनीका दलहरूले 'पोलिटिकल फाउन्डेसन' मार्फत कार्यकर्तालाई शिक्षित र मर्यादित बनाएको उदाहरण अनुसरण गर्न सकिन्छ।

पुराना विरुद्ध नयाँ दलहरू भन्ने एक नयाँ राजनीतिक भाष्य यतिबेला जबरजस्त रूपमा उठिरहेको छ। नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्र र राप्रपाजस्ता पुराना दलहरू अहिले 'संस्थागत जडता' सँग जुधिरहेका छन्। अर्कोतर्फ, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) जस्ता नयाँ शक्तिहरूले प्रविधि र पपुलिजमको मिश्रणबाट परिवर्तनको लहर ल्याउन खोजेका छन्। यद्यपि, नयाँ दलहरूमा समेत 'संस्थागत संरचना' को अभाव देखिन्छ।

परिवर्तन व्यवस्थापनका रणनीतिक चरणहरू

परिवर्तनका लागि विचारमा स्पष्टता चाहिन्छ। नेपालका पार्टीहरू अहिले 'विचारविहीन' जस्ता देखिएका छन्। केवल समाजवाद, मार्क्सवाद, माओवाद वा बीपीवाद भनेर पुग्दैन, 'डिजिटल इकोनोमी' र 'हरित अर्थतन्त्र' मा पार्टीको धारणा के हो ? फेरिँदो भू–राजनीति (नेपाल, भारत, चीन र अमेरिकाको सम्बन्ध) मा पार्टीको ठोस अडान के हो ? राजनीतिक एजेन्डामा वातावरणीय मुद्दाहरूलाई प्राथमिकता दिनु अनिवार्य भइसकेको छ।

भिजन र एजेन्डा स्पष्ट हुनुपर्दछ। आगामी २० वर्षको नेपाल कस्तो हुनेछ भन्ने स्पष्ट रोडम्याप तयार पार्नुपर्छ। केवल निर्वाचन जित्नु मात्र लक्ष्य हुनुहुँदैन। परिवर्तन व्यवस्थापनका लागि कम्तीमा '१० वर्षे रणनीतिक योजना' चाहिन्छ। कुनै पनि दलले तत्काल परिवर्तन हुन खोज्दा दुर्घटना हुन सक्छ। त्यसैले, एक चरणबद्ध योजना आवश्यक हुन्छः

१. अनफ्रिज वर्ष (१ देखि २ वर्ष)ः परिवर्तनको आवश्यकता महसुस गराउने, पुराना संरचना भत्काउने।

२. कार्यान्वयन वर्ष (३–७ वर्ष)ः नयाँ प्रविधि, नयाँ अनुहार र नयाँ नीतिहरू लागू गर्ने।

३. संस्थागत वर्ष (८–१० वर्ष)ः परिवर्तनलाई पार्टीको स्थायी संस्कृतिका रूपमा स्थापित गर्ने।

राजनीतिक दलहरूका लागि परिवर्तन व्यवस्थापन केवल विकल्प होइन, अस्तित्वको लडाइँ हो। यदि उनीहरूले समयको पदचाप बुझेर आफूलाई रूपान्तरण गरेनन् भने इतिहासको पानामा मात्र सीमित हुनेछन्। नेतृत्वले 'म' बाट 'हामी' र 'हामी' बाट 'देश' भन्ने सोच राखेर अगाडि बढ्नुपर्छ। परिवर्तन कठिन हुन्छ, तर यसले दिने परिणाम दीर्घकालीन र फलदायी हुन्छ। नेपाली राजनीतिको शुद्धीकरणका लागि हरेक दलभित्र 'परिवर्तनका एजेन्ट' हरू सक्रिय हुन जरुरी छ।

नेपालका राजनीतिक दलहरू यतिबेला ऐतिहासिक दोबाटोमा छन्। एकातिर पुरानो विरासत र गौरवपूर्ण इतिहास छ भने अर्कोतिर आधुनिकता र डेलिभरीको चुनौती। परिवर्तन व्यवस्थापन भनेको इतिहासलाई बिर्सनु होइन, बरु इतिहासको जगमा उभिएर भविष्यको सुन्दर महल बनाउनु हो। यदि दलहरूले नेतृत्वको पुस्तान्तरण गरे, आर्थिक पारदर्शिता अपनाए, प्रविधिको सही प्रयोग गरे र जनताको सेवालाई केन्द्रमा राखे भने नेपालको लोकतन्त्र दिगो हुनेछ। अन्यथा, परिवर्तनको यो लहरले असक्षम दलहरूलाई किनारा लगाउँदै नयाँ विकल्पहरूलाई स्थापित गर्नेछ।

राजनीति अब 'सेवा' मात्र होइन, यो 'विज्ञान र व्यवस्थापन' पनि हो। यद्यपि, राजनीतिक दलहरू निजी कम्पनी होइनन्, यी सार्वजनिक सम्पत्ति हुन्। त्यसैले यिनको व्यवस्थापनमा हुने सुधारले समग्र राष्ट्रको सुशासनमा सीधा प्रभाव पार्छ। समाज द्रुत गतिमा डिजिटलाइज हुँदैछ, युवा पुस्ताको आकाङ्क्षा बढ्दो छ र विश्वव्यापी भू–राजनीति फेरिँदै छ। यस्तो अवस्थामा पुराना दलहरूले आफूलाई 'अपडेट' नगर्ने हो भने उनीहरूको सान्दर्भिकता समाप्त हुने जोखिम देखिन्छ। राजनीतिक दलहरूको रूपान्तरण केवल सत्ता प्राप्तिका लागि होइन, लोकतन्त्रको भविष्य जोगाउनका लागि हो। तसर्थ अबको राजनीति 'भावना' ले मात्र होइन, 'व्यवस्थापन' र 'परिणाम' ले चल्नुपर्छ।

# अदालत जाने तयारीमा जुटेको देउवा पक्षका चार जिकिर

**अशोक दाहाल**

नेपाली कांग्रेसको आधिकारिकता विवादमा निर्वाचन आयोगको निर्णयविरुद्ध शेरबहादुर देउवा पक्ष सर्वोच्च अदालत जाने भएको छ।

निर्वाचन आयोगले विशेष महाधिवेशनबाट गगन थापाको नेतृत्वमा चुनिएको नयाँ कार्यसमितिलाई मान्यता दिएपछि उक्त महाधिवेशनबाट हटाइएको देउवा पक्षले आयोगको निर्णयलाई चुनौती दिने भएको हो।

'निर्वाचन आयोगको दुराशयपूर्ण निर्णयको कडा विरोध गर्दै यो बैठक उक्त निर्णयविरुद्ध संवैधानिक तथा कानून उपचार तथा राजनीतिक प्रतिवाद गर्ने निर्णय गर्दछ,' देउवा पक्षका नेता प्रकाशशरण महतले बैठकपछि भने।

विशेष महाधिवेशनबाट निर्वाचित कार्यसमितिका प्रवक्ता देवराज चालिसेले अर्को पक्ष अदालतमा जाने परिकल्पना आफूहरूले नगरेको प्रतिक्रिया दिएका छन्।

'हामीलाई विश्वास छ पार्टीमा लामो समय बिताउनुभएका, पार्टीले त्यो इज्जत र उचाइ दिएका नेताले चुनावभन्दा अगाडि पार्टीलाई सङ्कटमा धकेल्ने काम गर्नुहोला भन्ने हामीलाई विश्वास छैन,' शनिवारको कार्यसमिति बैठकपछि उनले भने।

देउवा पक्षका चार जिकिर

विशेष महाधिवेशनअघिको कार्यसमिति आधिकारिक भएको दाबी गर्दै आएको देउवा पक्षले महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको आह्वानमा भएको विशेष महाधिवेशन नै अवैध भएको दाबी गर्दै आएको छ।

'पार्टीको विधान अनुसार विशेष महाधिवेशन पनि केन्द्रीय कार्यसमितिले निर्णय गरेर बोलाउनु पर्छ। केन्द्रीय कार्यसमितिले त नियमित महाधिवेशन नै बोलाउने निर्णय गरिसकेको छ भनेपछि नेताले बोलाएको विशेष महाधिवेशन नै अवैध भयो,' महतले बीबीसी न्यूज नेपालीसँग भने।

देउवा पक्षका नेताहरूको यो दाबीमा थापा पक्षले चुनौती दिएको छ।

'विधानमा केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा (विशेष महाधिवेशन) बोलाउन सक्ने व्यवस्था छ तर त्यही वाक्यांशमा ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले कारण खुलाई माग गरेमा केन्द्रले तीन महिनाभित्र महाधिवेशन बोलाउन बाध्यकारी व्यवस्था गरेको छ,' विशेष महाधिवेशनबाट महामन्त्री चुनिएका घिमिरे भन्छन्।

पार्टी 'केन्द्र'को परिभाषामा केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्यालय दुवैलाई समेटिएको र केन्द्रीय कार्यालय महामन्त्रीहरू मातहत हुने घिमिरे दाबी गर्छन्। देउवा पक्षले गर्दै आएको अर्को जिकिर निर्वाचन आयोगको निर्णय प्रक्रियाबारे छ।

प्रवक्ता महत आयोगले आफूहरूलाई सफाइ पेस गर्ने अवसर पनि नदिई पार्टीको विवरण अद्यावधिक गरेर थापालाई सभापति बनाएको दाबी गरे। 'पार्टीभित्र समस्या आएपछि सम्बन्धित पक्षलाई सफाइ पेस गर्न सुरुमा १५ दिने र त्यसपछि आवश्यक ठाने थप १० दिनको समय दिनुपर्ने व्यवस्था छ,' महत भन्छन्।

'आयोगले हामीलाई जबाफ दिने मौका पनि नदिई र विधि प्रक्रिया केही पूरा नगरी हतारहतार निर्णय ग¥यो।'

महतका अनुसार तेस्रो जिकिर महाधिवेशनमा सहभागी भएका भनिएका प्रतिनिधिहरूको हस्ताक्षर सनाखतबारे पनि देउवा पक्षले अदालतमा लैजाने गृहकार्य गरिरहेको छ। विशेष महाधिवेशनमा ६३ प्रतिशत महाधिवेशन प्रतिनिधि उपस्थित भएको दाबी आयोजकले गरेका थिए।

'महाधिवेशनमा आएका व्यक्तिको हस्ताक्षरको सनाखत निष्पक्ष निकायबाट गरिएको छैन यो पनि कानून प्रश्न हो,' महतले बीबीसी न्यूज नेपालीसँग भने।

तर विशेष महाधिवेशनबाट महामन्त्री चुनिएका घिमिरेले महाधिवेशन प्रतिनिधिहरूको सनाखत गर्नुपर्ने कुनै व्यवस्था पार्टीको विधानमा नभएको दाबी गरे।

'सनाखतको व्यवस्था पार्टीको विधानमा कहीँ पनि छैन,' घिमिरेले भने। देउवा पक्षले महाधिवेशनमा उपस्थित भएर पनि कैयौँ प्रतिनिधिहरूले नेतृत्व चयनमा सहभागिता नजनाउने भन्दै हस्ताक्षर फिर्ता लिएको दाबी गर्दै आएको छ।

त्यस्ता प्रतिनिधिहरूको संख्या करिब ८ सय रहेको महतले दाबी गरे। यो संख्याका प्रतिनिधिहरूले हस्ताक्षर फिर्ता लिएको अवस्थामा विशेष महाधिवेशनबाट हुने निर्णयका लागि बहुमत नपुग्ने देउवा पक्षको दाबी छ।

तर महामन्त्रीमा चुनिएका घिमिरेले नेतृत्व चयनअघि हस्ताक्षर फिर्ता लिने महाधिवेशन प्रतिनिधिहरूको संख्या न्यून रहेको बताए।

'हाम्रो कार्यालयमा जम्मा २९ जनाले फिर्ता लिएको अभिलेख छ। महाधिवेशन सकिएर नेतृत्व चयन भइसकेपछि उहाँहरूले केही नाम लिएर निर्वाचन आयोग जानुभएको होला त्यो अर्थपूर्ण छैन। आम निर्वाचनको नतिजा आइसकेपछि मैले भोट दिएको होइन भनेर अर्थ रहँदैन,' उनले भने।

थापा र देउवा पक्षका बैठकमा के–के भए?

विशेष महाधिवेशनबाट सभापतिमा निर्वाचित भएका थापाले शनिवार नै पार्टीको केन्द्रीय कार्यसमिति बैठक राखेका थिए। पार्टी कार्यालयमा देउवा पक्षको बैठक सकिए लगत्तै थापा पक्षको बैठक बानेश्वरको एउटा हलमा बसेको थियो।

बैठकले पार्टीमा पु¥याएको योगदानका लागि 'निवर्तमान सभापति' देउवाप्रति आभार व्यक्त गरेको छ। थापा पक्षको बैठकले देउवाबाट पार्टीमा अभिभावकीय भूमिका प्राप्त हुने विश्वास लिएको प्रवक्ता चालिसेले बताए।

निर्वाचन आयोगबाट आधिकारिकता पाएको थापा पक्षले पार्टीमा अल्पमतको रक्षा गरिने र प्रतिनिधिसभामा प्रत्यक्षतर्फका लागि हुने टिकट वितरणमा कुनै पनि पक्षलाई 'वञ्चित नगरिने' दाबी गरेको छ।

'अब कुनै अप्राकृतिक गठबन्धन र सत्ता केन्द्रित सम्झौता गर्ने छैनौँ,' प्रवक्ता चालिसेले बैठकको निर्णयबारे भने।

केन्द्रीय समितिको बैठक अघि विशेष महाधिवेशनबाट पार्टी सभापतिमा चुनिएका थापाले सबै पक्षलाई पार्टीमा समेटिने प्रतिक्रिया दिएका थिए।

'उहाँबाट अभिभावकको ठूलो भूमिकाको अपेक्षा गरेको छु। उहाँले पनि आह्वान गरिदिनुपर्छ, देशभरिका साथीहरूलाई भनिदिनुपर्छ अब यो रोक, सकियो अब। एउटा चरणसम्म हाम्रो आफ्ना विमतिहरू रहे,' उनले भने।

थापाले नेता शेखर कोइराला र पूर्णबहादुर खड्काबाट पनि आफूले पार्टी अघि बढाउन सहयोगको अपेक्षा गरेको प्रतिक्रिया दिए।

कार्यवाहक सभापतिको जिम्मेवारी पाएका उपसभापति पूर्णबहादुर खड्काको नेतृत्वमा शनिवार बसेको देउवा पक्षको केन्द्रीय कार्यसमिति बैठकले भने कानूनसँगै राजनीतिक प्रतिवाद पनि गर्ने निर्णय गरेको महतले बताएका छन्।

'आयोगको निर्णय नेपालको संविधान, प्रचलित कानून र नेपाली कांग्रेसको विधानको व्यवस्था विपरीत रहेको ठहर गरिएको छ,' निर्णय सुनाउँदै महतले भने। 'तथाकथित विशेष महाधिवेशनका नाममा गरिएको भेलाको औचित्य, वैधानिकता, उपस्थित संख्या समेत नहेरि गरिएको निर्णय दूषित मनसायले प्रेरित रहेको यो बैठक ठहर गर्दछ।' बीबीसी

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# सरकारमा 'मिडिया'कर्मीको प्रतिनिधित्व हुनुपर्छः सञ्चारमन्त्री




**ललितपुर।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले भावी सरकारमा पनि 'मिडिया'कर्मीको प्रतिनिधित्व हुनुपर्ने बताएका छन् । नेपाल पत्रकार महासङ्घ एसोसिएट प्रदेशको आयोजनामा शनिबार ललितपुरको महालक्ष्मीस्थानमा भएको दोस्रो राष्ट्रिय सम्मेलनमा उनले सञ्चारकर्मीहरु हरेक क्षेत्रमा निपुण भएकाले अब बन्ने सरकारका पनि उनीहरुको प्रतिनिधित्व हुनुपर्ने बताए।

पत्रकारले देश, समाज र राजनीतिका बारेमा सबै कुरा बुझेकाले राज्य सञ्चालन गर्न सञ्चारकर्मीलाई कठिन नहुने विचार व्यक्त गर्दै म पनि २५ वर्ष पत्रकारिता गरेको व्यक्ति हुँ, जेन्जी आन्दोलनको बलमा आकस्मिक रुपमा मन्त्री भएको हुँ, राजनीतिलाई पेसा बनाउनेले मात्रै राजनीति गर्नुपर्छ भन्ने भाष्य चिरिएको छ, जेनजी जनआन्दोलनले पत्रकारितालाई गरेको सम्मानका कारण म मन्त्री भएको हुँ, देशका १४ हजारभन्दा बढी पत्रकारमध्ये धेरैमा राष्ट्रको नेतृत्व गर्ने क्षमता छ।

सञ्चार तथ सूचना प्रविधिमन्त्रीले जेनजी आन्दोलनको बलमा गठन भएको वर्तमान सरकारले चार महिनामा जनपक्षीय काम मात्र गरेको बताउँदै आगामी फागुन २१ गते हुने निर्वाचनलाई सफल पार्न समाजका हरेक वर्गबाट सहयोग हुनुपर्नेमा जोड दिए । हामी सबै निर्वाचनमा होमिँदैछौँ, यसलाई सफल पार्न पत्रकारिता क्षेत्रबाट अझ सशक्त भूमिकाको अपेक्षा हामीले गरेका छौँ उनले बताए।

मन्त्री खरेलले जेन्जी आन्दोलनको मर्म परिवर्तन भएको दोहो¥याउँदै आम निर्वाचनलाई सफल पार्न समाजका हरेक वर्गबाट सक्रिय भूमिका निर्वाह हुनुपर्नेमा जोड दिए।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले श्रमजीवी पत्रकारहरुको हकहितका खातिर महासङ्घ क्रियाशील रहेको बताए । साथै उनले अभिव्यक्ति स्वतन्त्रता र लोकतन्त्रको रक्षाका लागि पनि महासङ्घ सक्रिय रहेको बताए।

चलचित्र पत्रकार सङ्घका अध्यक्ष बैकुण्ठराज पराजुलीले मूलधारका मिडियामा कार्यरत श्रमजीवी पत्रकारहरुको हकहितका लागि सबै पत्रकार एकजुट हुनुपर्नेमा जोड दिए । रासस

# कांग्रेसलाई एकढिक्का बनाउँछौंः थापा



**काठमाडौँ।**
नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीलाई आगामी दिनमा एक ढिक्का बनाएर अगाडि बढाउने बताएका छन् । नेपाली कांग्रेको दोस्रो विशेष महाधिवेशनलाई निर्वाचन आयोगले मान्यता दिएपछि शनिबार केन्द्रीय कार्यसमितिको बैठक बस्नुअघि सञ्चारकर्मीसँग कुरा गर्दै विगतका तिक्ततालाई बिर्सेर पार्टीलाई आगामी दिनमा एक ढिक्का बनाएर अगाडि बढ्ने बताए।

निर्वाचन आयोगले निर्णय गरिसकेपछि निर्णयलाई स्वीकार गरेर आगामी दिनमा अगाडि बढ्नुपर्नेमा उनले जोड दिए । पार्टीभित्रका अग्रज नेतालाईसँगै हिँडाउने र नयाँ युवालाई जोडेर अगाडि बढ्छौँ, पूर्वसभापति शेरबहादुर देउवाको अभिभावकत्व र संरक्षकत्वको भूमिका खोजेको छौँ एकदुई दिनभित्र सिङ्गो कांग्रेस एक ठाउँमा उभिने वातावरण बनाउन लागिरहेका छौँ उनले बताए।

उनले फागुन २१ मा हुने निर्वाचनका लागि उम्मेदवार टुङ्ग्याउने समय नजिकिएसँगै समयको चाप रहेको भन्दै सबैलाई साथमा लिएर पार्टीलाई आगाडि बढाउने दृढता व्यक्त गरे। रासस

# सुदूरपश्चिममा सात हजारभन्दा बढी प्रहरी परिचालन हुने

**धनगढी।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा सुदूरपश्चिममा सात हजार ५८ जना नेपाल प्रहरी सुरक्षाका लागि परिचालन हुने भएका छन् । प्रदेश प्रहरी कार्यालयले निर्वाचनका लागि आवश्यक सुरक्षा योजनासहित यहाँका १६ वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा सुरक्षाको तयारी गरिएको जनाएको छ।

प्रदेश प्रहरी कार्यालय धनगढीका प्रहरी उपरीक्षक गौतम मिश्रले मतदानस्थललाई सुरक्षाका दृष्टिकोणले सामान्य, संवेदनशील र अतिसंवेदनशील गरी तीन भागमा वर्गीकरण गरेर आवश्यक सुरक्षा तयारी गरिएको जानकारी दिए । अतिसंवेदनशील मतदानस्थलमा प्रहरी र निर्वाचन प्रहरी बढी संख्यामा परिचालन गरिने उनले बताए।

प्रदेशका १६ निर्वाचन क्षेत्रमा एक हजार १७६ मतदानस्थल रहेकामा ३०० सामान्य, ३९५ संवेदनशील र ४८१ मतदानस्थल अतिसंवेदनशीलमा रहेका प्रहरीले जनाएको छ।

सुरक्षा योजनाअनुसरा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाले आवश्यक सुरक्षा दिनुका साथै मतदानस्थलमा निर्वाचन प्रहरी पचिालन गरिनेछ । त्यसका लागि प्रदेशभर १३ हजार ६६९ निर्वाचन प्रहरी भर्ना लिने प्रक्रियामा छ । त्यहाँका नौ वटै जिल्लामा गरेर हाल १६ हजार १९३ महिला तथा पुरुषले निर्वाचन प्रहरीका लागि आवेदन दिएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

कैलाली, कञ्चनपुर, दार्चुला र बाजुरामा आवश्यकताभन्दा बढी आवदेन परेपनि बाँकी पाँच जिल्लामा आवश्यकताभन्दा कम आवेदन परेको प्रहरीले जनाएको छ । यसैबीच प्रदेश निर्वाचन कार्यालय धनगढीले शुक्रबार १६ वटै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको जनाएको छ । कार्यालय प्रमुख प्रेमराज भट्टले नौ वटा मुख्य निर्वाचन अधिकृत र सात वटा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको जानकारी दिए। सुदूरपश्चिमका नौ वटै जिल्लामा नयाँ थपिएकासमेत गरेर कुल १७ लाख १६ हजार ६६० मतदाता रहेका छन् । रासस

# पाँचै क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय

**झापा।**
प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि झापाको पाँचवटै क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको छ । झापा निर्वाचन क्षेत्र नं ३ को निर्वाचनसमेत हेर्नेगरी जिल्ला समन्वय समिति झापामा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले बताए।

झापा जिल्लाका लागि मुख्य निर्वाचन अधिकृतको रूपमा जिल्ला अदालतका मुख्य न्यायाधीश उमेशप्रसाद लुइँटेल छन् । जिल्लाका अरु चार वटा निर्वाचन क्षेत्रमा समेत निर्वाचन अधिकृतको कार्यालय शनिबार स्थापना भइसकेको छ । क्षेत्र नं १ को निर्वाचन अधिकृतको कार्यालय मेचीनगर नगरपालिकाको कार्यालयमा स्थापना गरिएको छ । उक्त क्षेत्रमा गोपी विश्वकर्मा निर्वाचन अधिकृत र टेकबहादुर श्रेष्ठ सहायक निर्वाचन अधिकृत रहेका छन् । यसैगरी, अर्जुनधारा नगरपालिकाको कार्यालयमा क्षेत्र नं २ को निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ । यस क्षेत्रमा निर्वाचन अधिकृतको रूपमा महेश खत्री र सहायक निर्वाचन अधिकृतको रूपमा शुक्रराज वान्तवा रहेका छन् । झापा निर्वाचन क्षेत्र नं ४ को निर्वाचन अधिकृतको कार्यालय कनकार्य नगरपालिका–१ स्थित तुरसा हेमरम प्रतिष्ठानको कार्यालयमा राखिएको छ । सो क्षेत्रको निर्वाचन अधिकृत भिमप्रसाद भुर्तेल र सहायक निर्वाचन अधिकृत क्षेत्रनाथ शर्मा छन्।

निर्वाचन क्षेत्र नं ५ को निर्वाचन अधिकृतको कार्यालय दमक नगरपालिका–८ स्थित अग्र्यानिक कृषि केन्द्रको भवनमा स्थापना गरिएको छ । यस क्षेत्रको निर्वाचन अधिकृत विदुरकुमार कार्की र सहायक निर्वाचन अधिकृत जीतबहादुर श्रेष्ठ रहेका छन् । मुख्य निर्वाचन अधिकृत लुइँटेलले निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गर्न सबै राजनीतिक दलसहित सरोकारवालाको सहयोग प्राप्त हुने विश्वास व्यक्त गरेका छन्।

झापामा २८५ वटा मतदानस्थल र ८१५ वटा मतदान केन्द्र रहेको जिल्ला निर्वाचन कार्यालय झापाका प्रमुख तुलसी नेपालले बताए। उनका अनुसार जिल्लामा सात लाख १३ हजार ५३७ मतदाता रहेका छन् । कूल मतदातामध्ये महिला तीन लाख ५५ हजार १८३, पुरुष तीन लाख ५८ हजार ३४६ र अन्य आठ जना रहेको उनको भनाइ छ।

जिल्लामा विसं २०७९ को प्रतिनिधिसभा चुनावको तुलनामा यसपटक ४९ मतदान केन्द्र र ५० हजार २२६ जना मतदाता थप भएकोसमेत उनले जानकारी दिए। रासस

# शर्मा उम्मेदवार नबन्ने भएपछि नयाँ नाम सिफारिस



**झापा।**
नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवार नबन्ने घोषणा गरेपछि झापा निर्वाचन क्षेत्र नं १ मा नयाँ नाम सिफारिस गरिएको छ । शनिबार बसेको कांग्रेस क्षेत्र नं १, क्षेत्रीय समितिको बैठकले पाँच जनाको नाम केन्द्रीय समितिमा सिफारिस गरेको क्षेत्रीय सभापति इन्द्र बुढाथोकीले जानकारी दिए।

सिफारिस हुनेमा अखिल नेपाल फुटबल सङ्घ (एन्फा)का अध्यक्ष पंकजविक्रम नेम्वाङ, अधिवक्ता अशोककुमार पोखरेल, बिना तामाङ, गौतम मजुमदार र सुवेशकुमार पनेरू रहेका छन् । पार्टीका तत्कालीन महामन्त्री एवम् वर्तमान उपसभापति शर्मा विसं २०७९ को निर्वाचनमा यसै क्षेत्रबाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएका थिए।

गत महिना पार्टी क्षेत्रीय समितिले उपसभापति शर्माको एकल नाम उम्मेदवारका रूपमा सिफारिस गरेको थियो । शर्माले यसपटक उम्मेदवार नबन्ने घोषणा गरेपछि पुनः नयाँ नाम सिफारिस गरिएको क्षेत्रीय सभापति बुढाथोकीले बताए। रासस

# पार्टी छाडेकालाई कांग्रेसमा फर्कन आग्रह



**काठमाडौँ।**
नेपाली कांग्रेसले विभिन्न कारणले पार्टीमा निष्क्रिय रहेका र पार्टी छाडेकालाई पुनः कांग्रेसमा फर्कन आग्रह गरेको छ । पार्टी सभापति गगन थापाको नेतृत्वमा शनिबार भएको केन्द्रीय कार्यसमिति बैठकले विभिन्न कारणले पार्टीबाट अलग भएकालाई पार्टीमा पुनः आबद्ध हुन आग्रह गरेको हो।

निर्वाचन आयोगले नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशनका निर्णयलाई संविधान, कानुन र पार्टी विधानअनुसार मान्यता दिई अद्यावधिक गरेकामा आयोगप्रति बैठकले आभार व्यक्त गरेको छ।

बैठकले एकता, सद्भाव र सहकार्यमा जोड दिँदै देशविदेशमा रहेका सबै कांग्रेसीमा नवीन ऊर्जाका साथ आगामी फागुन २१ को निर्वाचनमा सशक्त रूपमा सहभागी हुन आह्वान गरेको छ।

बैठकले पार्टीका निवर्तमान सभापति शेरबहादुर देउवालगायत पार्टीका अन्य नेताले कांग्रेसको नेतृत्वमा रही लामो समयदेखि पुर्‍याएको योगदानको उच्च कदर गर्दै धन्यवादज्ञापन गरेको छ । साथै बैठकले उहाँहरूबाट भविष्यमा पनि पार्टीका लागि अभिभावकीय भूमिका प्राप्त हुने विश्वास व्यक्त गरेको छ।

पार्टी प्रवक्ता देवराज चालिसेका अनुसार बैठकले भविष्यमा कुनै दलसँग अप्राकृतिक गठबन्धन वा सत्ताकेन्द्रित सम्झौता नगर्ने निर्णय गरेको छ। रासस

# निर्वाचन तयारीबारे गृहमन्त्री र आयोग पदाधिकारीबीच छलफल



**काठमाडौँ।**
आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको स्वीकृत कार्यतालिकाअनुसार भए गरेका कामबारे गृहमन्त्री ओमप्रकाश अर्याल र निर्वाचन आयोगका पदाधिकारीबीच छलफल भएको छ । मन्त्री अर्यालले कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसहितका पदाधिकारीसँग आयोगको कार्यालय, बहादुर भवनमा छलफल गरेका हुन् । त्यस अवसरमा कार्यवाहक प्रमुख आयुक्त भण्डारीले आयोगबाट स्वीकृत कार्यतालिकाअनुसार निर्वाचनको काम नियमित र तालिका भइरहेको जानकारी गराए।

उनले निर्वाचन अधिकृतका कार्यालय स्थापना भइसकेका र अब निर्वाचन तयारीका हिसाबले करिब ८० प्रतिशतभन्दा बढी काम भएको बताए । आयोगले यही माघ ११ गते राष्ट्रियसभाको पनि निर्वाचन गराउँदैछ । भण्डारीले निर्वाचन आचारसंहिता पालनालाई प्रभावकारी बनाउन सूक्ष्म अनुगमन गरिने जानकारी दिए।

गृहमन्त्री अर्यालले मन्त्रालय र आयोगबीच दोहोरो समन्वय हुनुपर्ने विषय पहिचान गरी सहकार्य गरिने विश्वास दिलाउँदै सुरक्षा व्यवस्थापनमा सरकारका तर्फबाट पर्याप्त तयारी भएको बताए । उनले निर्वाचन तयारी, मतदान प्रक्रिया र मतणनासम्मको एकीकृत सुरक्षा योजनाअनुसार सरकारले सुरक्षाको प्रत्याभूति गर्ने पनि स्पष्ट गरे।

आयोगका सचिब कृष्णबहादुर राउतले राष्ट्रियसभा सदस्य निर्वाचनको मतपत्र छपाइ सकिएको र अब मतपत्र तथा निर्वाचन सामग्री सम्बन्धित कार्यालयमा पठाउने चरणमा रहेको जानकारी दिए।

# आयोगमा १३ सेवाप्रदायक संस्था सूचीकृत

**काठमाडौँ।**
निर्वाचन आयोगले हिमाली तथा उच्च हिमाली क्षेत्रमा मतपत्रलगायतका सामग्री ढुवानीका लागि विभिन्न १३ व्यवसायीक संस्था सूचीकरण गरेको छ । आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आवश्यक निर्वाचन सामग्री, मतपत्र तथा अन्य अत्यावश्यक सामग्री ढुवानीका लागि कुरियर सेवातर्फ दुई वटा फर्म छनौट गरेको हो।

आयोगका अनुसार, यसरी छनोट भएका व्यवसायीक फर्ममा साझा कुरियर एण्ड कार्गो र ट्रान्स एयर इन्टरनेशनल लजिष्टिक प्रा.लि. रहेका छन् । आयोगले हेलिकोप्टर सेवातर्फ पनि फर्म वा कम्पनीलाई सूचीकृत हुन आग्रह गरेको भएपनि कुनै पनि फर्मले दर्ता गराएका छैनन्।

यस्तै, ट्रक तथा कन्टेनर सेवा उपलब्ध गराउनका लागि ११ वटा फर्म सूचीकरण भएका छन् । आयोगका अनुसार यसरी दर्ता भएका सेवा प्रदायकमा हिमालयन कार्गो लजिष्टिक, वासुकी ट्रान्सपोर्ट, चितवन रोडवेज क्यारियर, न्यू भैरव ट्रान्सपोर्ट, अदिति ट्रान्सपोर्ट छन्।

यस्तै, ओम ट्रान्सपोर्ट, हरहर महादेव ढुवानी सेवा, देउती बज्यै कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि, कृष्ण ट्रान्सपोर्ट, धवलागिरि कालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स र एयर मनकामना कुरियर एण्ड कार्गो प्रालि सूचीकृत भएका छन् । आयोगले गत पुस १७ गतेको सार्वजनिक सूचनाका आधारमा प्राप्त भएका निवेदनलाई तोकिएको शर्त र बार्षिक औसत कारोबारको आधारमा मूल्याङ्कन गरी ती सेवाप्रदायक फर्मलाई सूचीकृत गरिएको जानकारी दिएको छ । ती सेवाप्रदायक संस्थालाई आयोगले निर्वाचन सामग्री आपूर्तिका लागि परिचालन गर्नेछ। रासस

# अध्ययन गर्न रुस गएका दिनेश दुई वर्षदेखि सम्पर्कविहीन



**कञ्चनपुर।**
कञ्चनपुरको भीमदत्त नगरपालिका–९ बह्मदेवका २३ वर्षीय दिनेश नायक विसं २०८० असारमा अध्ययन गर्न रुस गएका थिए । त्यहाँ पुगेको दुई महिनापछि रुसी सेनामा भर्ति भएको जानकारी परिवारलाई गराएका थिए।

बुवा कर्णसिंह नायकका अनुसार त्यतिबेला परिवारले दिनेशलाई सेनामा नजान सम्झाएका दिनेशले मानेका थिएनन् । 'हामीले सेनामा नजाउ बरु घरमा आउँ भनेर सम्झाउँदा मानेनन् ।' दिनेशका बुबा कर्णसिंहले भने, '१०–१५ दिनका लागि युद्धमा जान्छु आएपछि फोन गर्छु भन्थ्यो, १०–१५ दिनको अन्तरमा फोन गर्ने गथ्र्यो, तर विसं २०८० मङ्सिर १० गतेपछि छोरासँग सम्पर्क हुन सकेको छैन ।' सोही मितिमा अन्तिम पटक छोरासँग सम्पर्क भएको थियो । त्यसयता दिनेशका आमा बुवा विक्षिप्त छन्।

परिवारले दुई वर्षयता दिनेशको अवस्था थाहा पाउन सकेको छैन। पढाइका लागि भनेपछि ऋण खोजेर विदेश पठाइएको छोरा सम्पर्कविहीन भएपछि परिवारमा छोराको चिन्ता छँदैछ, ऋण तिर्ने चिन्ताले पनि पिरलेको छ । रुस पुगेपछि कलेजमा भर्ना भएका दिनेश बिदाको समय मिलाएर काम गर्न थालेका थिए।

एक महिना काम गरेर घरमा नेपाली रु ५० हजार पठाएको बुवाले बताए।

'भदौ १२ गते फोन गरेर रसियन आर्मीमा भर्ना भएको सुनायो, त्यतिबेलै चिन्ता लाग्न थालिसकेको थियो', बुवा कर्णले भने, 'प्रलोभनमा परेर हाम्रो कुरा टारेर रुसी सेनामा गयो।'

दिनेशका मामाका छोरा रोहनसँगै अध्ययनका लागि रसिया गएका थिए । रोहन दिनेशभन्दा एक महिनाअघि त्यहाँको सेनामा भर्ति भएका थिए । रोहनलाई देखेर दिनेश सेनामा भर्ना भएको बुवा कर्णसिंहले बताए । 'रोहन नौ महिनामा भागेर घर फर्कियो, मेरो छोराको अत्तोपत्तो छैन', उनले भने, 'छोराको खोजीका लागि सरकारसँग हारगुहार गर्दा हालसम्म पहल भएको छैन।'

उनले छोराको खोजीका लागि परराष्ट्र मन्त्रालयमा निवेदन दिएको जानकारी समेत दिएका छन् । परराष्ट्र मन्त्रालयले दिनेशलाई नेपाल फिर्ता पठाउन आवश्यक पहल गरिदिन विसं २०८१ साउन १४ गते मस्कोस्थित नेपाली दूतावासलाई पत्राचार गरिसकेको छ । तर, अहिलेसम्म थप जानकारी परिवारले पाउन सकेको छैन । रासस

# आगामी आर्थिक वर्षको बजेट निर्माण थालनी




**काठमाडौँ।**
आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट निर्माण प्रक्रिया अघि बढेको छ। आगामी आर्थिक वर्षको बजेटका लागि सम्भावित स्रोत खोज्ने र खर्चको सीमा निर्धारण गर्नेगरी राष्ट्रिय स्रोत अनुमान समितिले काम थालिसकेको राष्ट्रिय योजना आयोगले जनाएको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा वार्षिक बजेट बनाउदा स्रोतको अनुमान र खर्चको सीमा निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनको लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वअनुमान चालु आर्थिक वर्षको माघ मसान्तभित्र गरिसक्नुपर्ने व्यवस्था रहेको छ।

यसका लागि योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा एक राष्ट्रिय स्रोत अनुमान समिति छ। उक्त समितिलाई सहयोग गर्ने गरी अर्को प्राविधिक समिति बनाएर प्रारम्भिक काम थालिसकेको आयोगका सचिव रविलाल पन्थले जानकारी दिए । 'प्राविधिक समितिको बैठक बसेर काम सुरु भइसकेको छ। समष्टिगत आर्थिक परिसूचकलाई विश्लेषण गरेर स्रोत अनुमान गर्नुपर्ने हुँदा नेपाल राष्ट्र बैङ्क, राष्ट्रिय तथ्याङ्क कार्यालय, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालयसँग तथ्याङ्क र विवरण मागिएको छ', उनले भने, 'प्राविधिक समितिले स्रोत अनुमान समितिको बैठकका लागि तयारी गरिरहेको छ। कानुनले तोकेको समयभित्र बजेट सिलिङ पेश हुन्छ।'

राष्ट्रिय स्रोत अनुमान समितिले माघ मसान्तसम्ममा स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारण गरिसक्नुपर्ने र सो सम्बन्धी प्रतिवेदन प्रत्येक वर्षको फागुन ७ गतेभित्र अर्थमन्त्रीसमक्ष पेश गरिसक्नुपर्ने ऐनको व्यवस्था छ । स्रोत अनुमान समितिले आवधिक योजनामा प्रक्षेपित लगानी तथा वित्तीय आवश्यकताको आधारमा आगामी तीन आर्थिक वर्षको लागि सङ्घ, प्रदेश र स्थानीय तहको कुल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था रहेको छ। हाल कार्यान्वयनमा रहेको १६औँ पञ्चवर्षीय योजना कार्यान्वयन कार्ययोजना बनाएर मन्त्रिपरिषदमा पठाइएको पनि आयोगका सचिव पन्थले जानकारी दिए।

स्रोत अनुमान गर्दा गत आर्थिक वर्षको आर्थिक र आर्थिक वर्षको छ महिनाको समष्टिगत आर्थिक परिसूचक, आगामी आर्थिक वर्षमा उपलब्ध हुनसक्ने राजस्व, विकास सहायता र आन्तरिक ऋणलगायतका सङ्घीय सञ्चित कोषमा जम्मा हुन सक्ने रकमका आधारमा वस्तुनिष्ठ भई स्रोतको अनुमान गर्नुपर्ने हुन्छ । त्यस्तै, स्रोतको अनुमान भएपछि चालु वर्षको मध्यमकालीन खर्च संरचनासमेतलाई दृष्टिगत गरी खर्चको सीमा निर्धारण गर्नुपर्ने व्यवस्था पनि ऐनमा रहेको छ । खर्चको सीमा निर्धारण गर्दा अनिवार्य दायित्व तथा जनाइएको प्रतिवद्धता बमोजिम भुक्तानी हुन बाँकी रकमसमेत समावेश गरी समष्टिगत आर्थिक स्थायित्वमा प्रतिकुल असर नपर्ने गरी गर्नु पर्नेलगायतका विषयहरु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा राखिएका छन्।

यसअघि आयोगले आयोगले आगामी आवका लागि सङ्घीय समपूरक र विशेष अनुदानअन्तर्गत कार्यान्वयन हुने योजना तथा कार्यक्रमको प्रदेश र स्थानीय तहसँग प्रस्ताव माग गरिसकेको छ । प्रदेश तथा स्थानीय तहका लागि सङ्घीय सरकारबाट उपलब्ध हुने समपूरक तथा विशेष अनुदान लिनका लागि माघ मसान्तभित्रमा प्रस्ताव पेश गरिसक्नुपर्नेछ। रासस

# अमेरिकन डलरको मूल्य बढ्यो



**काठमाडौँ।**
नेपाल राष्ट्र बैङ्कले (शनिबार)का लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । निर्धारित विनिमयदर अनुसार अमेरिकी डलरको मूल्य हालसम्मकै उच्च बिन्दुमा पुगेको छ । निर्धारण गरिएको विनिमयदर अनुसार अमेरिकन डलर एकको खरिददर १४५ रुपैयाँ ०९ पैसा र बिक्रीदर १४५ रुपैयाँ ६९ पैसा तोकिएको छ।

यस्तै, युरोपियन युरो एकको खरिददर १६८ रुपैयाँ ५९ पैसा र बिक्रीदर १६९ रुपैयाँ २९ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर १९४ रुपैयाँ ५१ पैसा र बिक्रीदर १९५ रुपैयाँ ३१ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १८० रुपैयाँ ९७ पैसा र बिक्रीदर १८१ रुपैयाँ ७१ पैसा कायम गरिएको छ । अष्ट्रेलियन डलर एकको खरिददर ९७ रुपैयाँ ३२ पैसा र बिक्रीदर ९७ रुपैयाँ ७२ पैसा, क्यानेडियन डलर एकको खरिददर १०४ रुपैयाँ ४९ पैसा र बिक्रीदर १०४ रुपैयाँ ९२ पैसा, सिङ्गापुर डलर एकको खरिददर ११२ रुपैयाँ ७० पैसा र बिक्रीदर ११३ रुपैयाँ १६ पैसा तोकिएको छ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ १८ पैसा र बिक्रीदर नौ रुपैयाँ २१ पैसा, चिनियाँ युआन एकको खरिददर २० रुपैयाँ ८२ पैसा र बिक्रीदर २० रुपैयाँ ९० पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३८ रुपैयाँ ६९ पैसा र बिक्रीदर ३८ रुपैयाँ ८५ पैसा, कतारी रियाल एकको खरिददर ३९ रुपैयाँ ८३ पैसा र बिक्रीदर ४० रुपैयाँ कायम भएको छ।

केन्द्रीय बैङ्कका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ६२ पैसा र बिक्रीदर चार रुपैयाँ ६४ पैसा, युएई दिराम एकको खरिददर ३९ रुपैयाँ ५० पैसा र बिक्रीदर ३९ रुपैयाँ ६७ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३५ रुपैयाँ ७६ पैसा र बिक्रीदर ३५ रुपैयाँ ९१ पैसा, साउथ कोरियन वन १०० को खरिददर ९ रुपैयाँ ८५ पैसा र बिक्रीदर ९ रुपैयाँ ८९ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १५ रुपैयाँ ७४ पैसा र बिक्रीदर १५ रुपैयाँ ८१ पैसा र डेनिस क्रोनर एकको खरिददर २२ रुपैयाँ ५६ पैसा र बिक्रीदर २२ रुपैयाँ ६६ पैसा तोकिएको छ।

राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिददर १८ रुपैयाँ ६० पैसा र बिक्रीदर १८ रुपैयाँ ६८ पैसा, कुवेती दिनार एकको खरिददर ४७४ रुपैयाँ ४६ पैसा र बिक्रीदर ४७६ रुपैयाँ ४२ पैसा, बहराइन दिनार एकको खरिददर ३८४ रुपैयाँ ८५ पैसा र बिक्रीदर ३८६ रुपैयाँ ४४ पैसा, ओमनी रियाल एकको खरिददर ३७६ रुपैयाँ ८७ पैसा र बिक्रीदर ३७८ रुपैयाँ ४३ पैसा रहेको छ। यस्तै, भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकिएको छ।

राष्ट्र बैङ्कले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ। वाणिज्य बैङ्कले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैङ्कको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ। रासस

# ३९ अर्ब बढीको वैदेशिक लगानी प्रतिबद्धता




**काठमाडौँ।**
मुलुकको विकास साझेदारहरूबाट चालु आर्थिक वर्षको प्रथम छ महिनामा रु ३९ अर्ब २३ करोड ६१ लाख ६४ हजार बराबरको वैदेशिक लगानी प्रतिबद्धता प्राप्त भएको छ।

उद्योग विभागले सार्वजनिक गरेको प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी मासिक प्रतिवेदनअनुसार चालु आवको छ महिनामा ४७५ वटा उद्योगमा रु ३९ अर्ब, चालु आवको पहिलो तीन महिनामा ३११ वटा उद्योगमा रु ३५ अर्ब १३ करोड ७७ लाख ८६ हजार बराबरको लगानी प्रतिबद्धता प्राप्त भएको थियो।

चालु आवमा सात वटा ठूला, आठ वटा मध्यम र ४६० वटा साना उद्योगमा प्रत्यक्ष वैदेशिक लगानी प्रतिबद्धता प्राप्त भएको तथा गत पुसमा ३६ वटा साना उद्योगमा रु पाँच अर्ब ९९ करोड ५० लाख बराबरको विदेशी लगानी प्रतिबद्धता प्राप्त भएको प्रतिवेदनमा जनाइएको छ। प्रत्यक्ष वैदेशिक लगानीको हालसम्मको कुल प्रतिबद्धता भने सात हजार ७१३ वटा उद्योगमा रु छ खर्ब ७५ अर्ब ४३ करोड ३३ लाख बराबर रहेको छ।

बितेका छ महिनामा प्रत्यक्ष वैदेशिक लगानी प्रतिबद्धतामा सबैभन्दा बढी सूचना प्रविधिमूलक क्षेत्रका २५७ वटा उद्योगका लागि रु एक अर्ब सात करोड ८४ लाख ८६ हजार छ। रकमका आधारमा भने कृषिमूलक क्षेत्रका १३ उद्योगमा रु २१ अर्ब ८८ करोड ८० लाख बराबरको लगानी प्रतिबद्धता प्राप्त भएको छ। पर्यटनमूलक क्षेत्रका १४५ उद्योगमा रु १० अर्ब ५४ करोड २० लाख ५० हजार, उत्पादनमूलक क्षेत्रका २७ उद्योगमा रु दुई अर्ब तीन करोड २३ लाख, ऊर्जामूलक क्षेत्रको एउटा उद्योगमा रु १८ करोड ४२ लाख ५० हजार, खनिज क्षेत्रको एउटा उद्योगमा रु चार करोड ५० लाख र सेवामूलक क्षेत्रका ३१ उद्योगमा रु तीन अर्ब ४६ करोड ६० लाख बराबरको प्रत्यक्ष वैदेशिक लगानी प्रतिबद्धता भएको विवरणमा उल्लेख छ। रासस

# छ महिनामा पुँजीगत खर्च ८.९९ प्रतिशत मात्र

**बागमती।**
बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को छ महिनाको अवधिमा आठ दशमलव ९९ प्रतिशत मात्र पुँजीगत खर्च गरेको छ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार प्रदेश सरकारले चालु आव २०८२/८३ को साउनदेखि पुससम्ममा कूल बजेटको करिब १४ दशमलव १० प्रतिशत खर्च गरेको छ । जुन अघिल्लो आर्थिक वर्ष २०८१/८२ को तुलनामा २ दशमलव १७ प्रतिशत कम खर्च भएको हो।

आव २०८१/८२ को छ महिनाको अवधिमा प्रदेश सरकारले कूल बजेटको १६ दशमलव २७ प्रतिशत बजेट खर्च गरेको थियो । प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयका अधिकृत केशव भण्डारीका अनुसार चालु आव २०८२/८३ को छ महिनाको अवधिमा प्रदेश सरकारले चालुतर्फ २२ दशमलव ४८ प्रतिशत र पुँजीगततर्फ आठ दशमलव ९९ प्रतिशत बजेट खर्च गरेको छ।

चालु आव २०८२/८३ का लागि प्रदेश सरकारले रु ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजारको बजेट ल्याएकोमा छ महिना सकिँदा रु नौ अर्ब ५८ करोड चार लाख ४५ हजार बजेट खर्च भएको उनले बताए।

विनियोजित बजेटमध्ये सबैभन्दा बढी प्रदेश लोकसेवा आयोगले ३६ दशमलव ३५ प्रतिशत, मुख्य न्यायाधीवक्ताको कार्यालयले ३० दशमलव ८० प्रतिशत, प्रदेशसभा सचिवालयले २९ दशमलव ३५ प्रतिशत, श्रम रोजगार तथा यातायात मन्त्रालयले २८ दशमलव १० प्रतिशत, स्वास्थ्य मन्त्रालयले २६ दशमलव ४३ प्रतिशत, आर्थिक मामिला तथा योजना मन्त्रालयले २५ दशमलव ९१ प्रतिशत बजेट खर्च गरेको छ भने सबैभन्दा कम संस्कृति तथा पर्यटन मन्त्रालयले दुई दशमलव ३० प्रतिशत बजेट खर्च गरेको मन्त्रालयले जनाएको छ।

गत भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनका कारण प्रदेश सरकारका संरचना क्षतिग्रस्त भएको, प्रदेश सरकारका निकायले राम्ररी काम गर्न नसकेको र बजेट कार्यान्वय हुन सक्दा प्रदेश सरकारको खर्च कम देखिएको अधिकृत भण्डारीले बताए। रासस

# दक्षिणी अफ्रिका: भीषण बाढीमा १०० बढीको मृत्यु



दक्षिणी अफ्रिका।
दक्षिणी अफ्रिकाका देशहरू दक्षिण अफ्रिका, मोजाम्बिक र जिम्बाब्वेमा निरन्तरको भीषण वर्षा र बाढीका कारण १०० भन्दा बढी मानिसको ज्यान गएको छ। धेरै क्षेत्रमा अझै पनि भारी वर्षाको चेतावनी जारी गरिएको छ।

सबैभन्दा बढी क्षति मोजाम्बिकमा भएको छ । त्यहाँको विपद् व्यवस्थापन निकायका अनुसार गत वर्षको अन्त्यदेखि सुरु भएको असामान्य वर्षायामका कारण १०३ जनाको मृत्यु भएको छ । बाढी, डुबान, पूर्वाधार भत्किनु, चट्याङ लाग्नु र हैजाजस्ता कारणले ज्यान गएको जनाइएको छ।

विश्व खाद्य कार्यक्रमका अनुसार मोजाम्बिकमा दुई लाखभन्दा बढी मानिस प्रभावित भएका छन् भने हजारौं घर क्षतिग्रस्त भएका छन्।

दक्षिण अफ्रिकामा उत्तरी लिम्पोपो र एम्पुमालांगा प्रान्तमा आएको बाढीका कारण कम्तीमा ३० जनाको मृत्यु भएको छ। सेनाले हेलिकप्टरमार्फत छानामा र रूखमा फसेका मानिसहरूको उद्दार गरेको छ। राष्ट्रपति सिरिल रामाफोसाले एक साताभित्र करिब ४०० मिलिमिटर वर्षा भएको र धेरै घर पूर्ण रूपमा बगाएको बताएका छन्।

प्रसिद्ध क्रुगर राष्ट्रिय निकुञ्जमा पनि बाढीको ठूलो असर परेको छ। त्यहाँका करिब ६०० पर्यटक र कर्मचारीलाई सुरक्षित स्थानमा सारिएको छ। नदीहरू उर्लिएपछि पार्कका केही भाग पूर्ण रूपमा सम्पर्कविहीन बनेका छन् । जिम्बाब्वेमा भारी वर्षाका कारण ७० जनाको मृत्यु भएको छ भने १,००० भन्दा बढी घर नष्ट भएका छन्।

विद्यालय, सडक र पुलजस्ता पूर्वाधारमा पनि गम्भीर क्षति पुगेको छ। यसैगरी मडागास्कर, मलावी र जाम्बियामा पनि बाढीको असर देखिएको छ । विशेषज्ञहरूका अनुसार यो अवस्था ला निन्या मौसम प्रणालीका कारण उत्पन्न भएको हुन सक्छ, जसले दक्षिणपूर्वी अफ्रिकामा अत्यधिक वर्षा गराउने गर्दछ । मोजाम्बिकमा मात्रै ७० हजार हेक्टरभन्दा बढी खेतीयोग्य जमिन डुबानमा परेको छ, जसले खाद्य सुरक्षामा थप संकट सिर्जना गरेको छ। रासस

# पाकिस्तानमा भीषण दुर्घटना, १४ जनाको मृत्यु




**पाकिस्तान।**
पाकिस्तानको पूर्वी पञ्जाब प्रान्तको सरगोधा जिल्लामा शनिबार घना कुहिरोका कारण भएको सडक दुर्घटनामा कम्तीमा १४ जनाको ज्यान गएको छ भने केही अन्य व्यक्ति घाइते भएका छन् । उद्दार अधिकारीहरूका अनुसार अत्यन्त कम दृश्यताका कारण मिनी–ट्रक अनियन्त्रित भई सडकबाट खस्दै सुक्खा नहरमा पुगेको थियो।

दुर्घटनास्थलमै सात जनाको मृत्यु भएको थियो भने गम्भीर घाइतेहरूलाई तत्काल नजिकका अस्पतालमा लगिएको थियो । उपचारका क्रममा थप सात जनाको मृत्यु भएपछि मृतक संख्या १४ पुगेको जनाइएको छ । कुहिरोका कारण मोटरवे बन्द भएपछि चालकले वैकल्पिक स्थानीय मार्ग प्रयोग गरेको बताइएको छ। सूचना प्राप्त हुनासाथ रेस्क्यु ११२२ का टोली घटनास्थलमा पुगेर उद्धार तथा राहत कार्य सञ्चालन गरेका थिए।

दुर्घटनामा महिलाहरू र बालबालिकासमेत परेको पुष्टि भएको छ। मृतक तथा घाइते सबै इस्लामाबादका बासिन्दा रहेको उद्दार अधिकारीहरूले बताएका छन् । रासस

# ग्रीनल्याण्ड राष्ट्रिय सुरक्षाका लागि महत्वपूर्णः राष्ट्रपति ट्रम्प

**अमेरिका।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ग्रीनल्याण्डको विषयमा अमेरिका समर्थक नहुने देशहरूविरुद्ध आर्थिक शुल्क लगाउन सकिने संकेत दिएका छन् । यो टिप्पणी त्यतिबेला सार्वजनिक भएको हो, जब दुई पार्टीका अमेरिकी संसद सदस्यहरू डेनमार्कको राजधानीमा सम्बन्ध सुधार र संवादलाई प्रवर्द्धन गर्न पुगेका थिए। ट्रम्पले लामो समयदेखि अमेरिका ग्रीनल्याण्डको नियन्त्रणमा रहन आवश्यक रहेको विषयमा जोड दिएका हुन्। यसै सन्दर्भमा, उनले यस हप्ता स्पष्ट रूपमा भनेका थिए कि आर्कटिकको उक्त टापु अमेरिकी नियन्त्रणमा नहुँदा स्वीकार्य छैन।' ह्वाइट हाउसमा ग्रामीण स्वास्थ्य सम्बन्धी कार्यक्रममा उनले भने, 'ग्रीनल्याण्डको मामिलामा पनि हामी आवश्यक कदम चाल्न सक्ने अवस्था छ। यदि देशहरूले सहयोग गरेनन् भने आर्थिक शुल्क लगाउने विकल्पमा विचार गर्न सकिन्छ । राष्ट्रिय सुरक्षाका दृष्टिले ग्रीनल्याण्ड महत्वपूर्ण छ।' यसै हप्ता डेनमार्क र ग्रीनल्याण्डका विदेश मन्त्रीहरूले अमेरिकी उपराष्ट्रपति र विदेशमन्त्रीसँग भेट गरी विचार विमर्श गरेका थिए । सो भेटले केही मतभेदहरू समाधान गर्न भने सकेन, तर एक कार्यसमूह स्थापना गर्ने सहमति जुटेको छ । युरोपेली नेताहरूले बारम्बार भनेका छन् कि ग्रीनल्याण्डसम्बन्धी निर्णय डेनमार्क र ग्रीनल्याण्डकै अधिकार क्षेत्रभित्र पर्छ। यसैबीच, डेनमार्कले ग्रीनल्याण्डमा आफ्नो सुरक्षा उपस्थितिलाई सहयोगी मुलुकहरूसँग मिलेर बढाउँदै आएको छ।

# भरतपुरको मुहार फेरेर बिदा लिँदै मेयर 'रेनु दाहाल'



**नारायण अधिकारी**
**चितवन।**

नौ वर्षअघि भरतपुर महानगरपालिकाको प्रमुखमा निर्वाचन लड्न आउँदै गर्दा रेनु दाहाललाई धेरैले 'प्रचण्डकी छोरी' भनेर चिने। नौ वर्ष भरतपुरको मुहार फेरेर बिदा हुँनै लाग्दा उनीलाई भरतपुरवासीले मात्रै होइन सिङ्गो देशवासीले विकासको पर्याय भनेर चिन्ने अवस्थामा पु¥यायो । यो अवस्था आउनुमा दाहालले खेलेको भूमिका भरतपुरवासीका लागि चिरस्मरणीय रहने छ। त्यसो त साँघुरो राजमार्ग, खाल्डाखुल्डी सहितका धुलाम्य सडकहरू, जीर्ण विद्यालय भवनजस्ता समस्यै समस्याले जेलिएको भरतपुरलाई अहिलेको अवस्थामा पु¥याउनुमा उनले रात दिन नभनी खेलेको भूमिका भरतपुरवासीले कहिल्यै भुल्ने छैनन्।

फराकिला र चिल्ला सडकमा रातिको समयमा पनि झलमल्लको उज्यालो छर्दै शिक्षा, स्वास्थ्य, कृषि र पर्यटन जस्ता क्षेत्रमा गरेको सुधार उनीलाई भरतपुरले बिर्सन नसक्ने बनाउने कामहरू हुन् । वर्षातको समयमा रातमा निदाउँन नपाउने नारायणी तटीय क्षेत्रका बासिन्दा लाग्छ वर्षायामको रातमा पनि रेनुलाई सपनामा देख्दै निदाउने समय आएको छ। झण्डै नौ वर्ष अघि विसं २०७४ मा भरतपुर आउँदाको स्मरण गर्दै दाहालले भनिन्, 'वैशाख ३० गते देशका ७५३ स्थानीय तहमा पहिलोपटक निर्वाचन हुँदै थियो। भरतपुर महानगरको नगर प्रमुख पदमा मैले उम्मेदवार दिएर निर्वाचन प्रसारप्रसार गर्न जाँदाका दिनहरूको स्मरण अझै पनि ताजै छन्।' उनी भावुक हुँदै भनिन्, 'वैशाखको उखरमाउलो गर्मीमा पश्चिम चितवन सुक्खा थियो, मकैंका बिरुवाहरू सुक्न थालेका थिए । नजिकै नारायणी बगिरहेको छ, बर्खामा मात्रै पानी आउने नहर त थियो, तर हिउँद र गर्मीमा सधैँ सुक्खा।'

आफूले भरतपुरको विकासको लागि आफ्नो जीवनको महत्वपूर्ण एक दशक समय खर्चिए भन्दै उनले अगाडि थपिन्, 'मेरा आफ्ना निजी चाहाना र विषयहरूलाई पन्छाएको छु। हर समय, अविरल, अनवरत र निरन्तर भरतपुर कै विकास र यहाँका जनताको सुखदुःखमा आफूलाई एकाकार बनाएको छु।' त्यसको अनुभूति भरतपुरवासीले पक्कै गरेका छन् भन्ने विश्वास आफूले लिएको उनले बताइन्। आफूलाई भरतपुरको मायाले काठमाडौँ बस्न नदिएको भन्दै उनले भनिन्, 'न त निजी काममा रमाए नै, सारा समय नै भरतपुरको उन्नती, प्रगति, समृद्धि र विकासका लागि खर्चिएकामा मलाई गर्वको अनुभूति हुने गरेको छ।' यी पलहरू आफ्नो जीवनमा सधैँ स्वर्णिम रहने उनको विश्वास छ। उनी थप्छिन्, 'बदलिएको भरतपुर, विकसित भरतपुर, समृद्ध, हरियाली र उज्यालो भरतपुर आज हामीले पाएका छौँ।'

आफू पहिलोपटक भरतपुरको चुनावी प्रचारमा जाँदा विद्यालय भवनहरू जीर्ण, स्वास्थ्य सेवा भरतपुरको कोर क्षेत्रमा सीमित, किसानहरू दूध बिक्री नभएर सडकमा पोख्नु पर्ने अवस्था, आर्सेनिक मिसिएको पानी खानुपर्ने विवशता, विद्यालय जाने उमेर समूहका कतिपय बाबुनानीहरू विद्यालय नजाने अवस्था देख्दा आफूलाई यी सबैको समाधान त्यति बेलादेखि नै सपना देख्ने गरेको उनी बताउँछिन् । उनले भनिन्, 'जनताको घरदैलो गर्दैगर्दा यी यावत समस्याहरूले मेरो मथिङ्गल हल्लाउथ्यो । सोच्दा पनि कहाली लाग्दा थिए ।' यी सबैलाई एकएक गर्दै समाधान गर्नुपर्ने चुनौती आफूमा रहेको भन्दै उनी भनिन्, 'भरतपुरमै जन्मिएको, यहीँको माटोमा मेरो नाँभी गाँडिएको एक छोरी हुनुको नाताले यहाँको विकासका लागि मैले केही पक्कै गर्नु थियो। चुनौतीहरूको सामना गर्ने अवसर पनि प्राप्त भयो।'

दाहालले आफू प्रमुख हुने बेला कालोपत्रे सडकमा हिँड्न पूर्वपश्चिम राजमार्गमा नै आउनुपर्ने बाध्यता रहेको स्मरण गरिन्। तर आज घरघरमा र खेतखेतसम्म पनि कालोपत्रे सडक बनिसकेको उनीको भनाइ छ। उनी भन्छिन्, 'भएका साँघुरा सडक फराकिला र कालोपत्रे बनेका छन्, बर्खामा डुब्ने सडकमा नाली बनाएका छौँ ।' भरतपुरको केन्द्र भागबाट बढिमा ३० मिनेटमा हरेक गन्तव्यमा पुग्न सकिने गरी सडक निर्माण भएको छ।

महानगरपालिकामा बितेका नौ वर्षमा एक हजार ७२ किलोमिटर नयाँ सडक कालोपत्रे भएको छ। उनले भनिन्, 'पूर्वपश्चिम राजमार्ग भन्दा लामो सडक हामीले भरतपुरमा कालोपत्रे गरेका छौँ', उनले थपिन् 'अनि हामीले सडक मात्रै कहाँ बनायौँ र ? सडक बत्तीहरू राख्यौँ, झिलिमिली बनायौँ, अँध्यारो हटायौँ । डर हटायौँ । भरतपुरवासीको आत्मविश्वास जगायौँ ।' सडक र सहर नै फोहर र कुरूप पार्ने बिजुलीका तारहरूलाई जमिनमुनी गाडेको भन्दै उनले मुख्य बजार र राजमार्ग क्षेत्रको २३ किलोमिटर सडकमा विद्युत् तारलाई भूमिगत बनाएको बताइन् । स्मार्ट सडक बत्ती, हाई तथा मिनी मास्ट जडान गरेको, २०६ किमीमा सडक बत्ती, महानगरका विभिन्न सडक चोकमा ९१ वटा हाइमास्ट तथा मिनिमाष्ट जोडेर भरतपुरलाई उज्यालो सहर बनेको छ।

भरतपुर महानगरपालिकालाई डिजिटल प्रणालीमा प्रविष्ट गर्न डिजिटल हाउसहोल्ड नम्बरिङ्गको काम शुरु भएको छ भने अत्याधुनिक प्रविधि जडित ४१८ वटा सिसिटिभी क्यामेरा महानगरका मुख्य तथा संवेदनशील क्षेत्रमा जोड्ने काम भइरहेको छ। यसले अपराध नियन्त्रण र सवारी दुर्घटना रोक्न महत्वपूर्ण भूमिका खेल्ने छ। सडक पूर्वाधारमा अर्को ऐतिहासिक काम नेपालकै सबैभन्दा लामो ८८ दशमलव छ किमी चक्रपथ (रिङरोड) निर्माण सङ्घीय सरकारको सहयोगमा गरिएको छ।

महानगरपालिकाको पहलमा सङ्घीय सरकारबाट अर्बौंको लागतमा नारायणी नदीमा तटबन्ध गरेर समस्याको दीर्घकालिन समाधान गरिएको छ । तटबन्ध गरिएको ठाउँहरू भोलिका दिनमा पर्यटकीय केन्द्र बन्न सक्ने आधार तयार भएको छ । चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रसँग जोडिएका महानगरका विभिन्न वडाहरूमा जङ्गली जनावरको डर उत्तिकै थियो। घर बाहिर निस्कँदा ती जनावरको आक्रमणबाट ज्यान जाने खतरा त थियो नै, लगाएको खेतीबाली पनि खाइदिने समस्या पनि उस्तै थियो। छब्बीस किलोमिटर लामो मेसजाली निर्माण गरेर जनतालाई सुरक्षित राख्ने काम गरिएको उनले बताइन्।

भरतपुरका नहर नपुगेको ठाउँमा १२ महिना नै सिँचाइ पुग्ने गरी भूमिगत सिँचाइको व्यवस्था गरिएको छ। नारायणी लिफ्ट हिउँदमा समेत चल्ने भएपछि यहाँका किसानहरू त खुसी भएकै छन्, सबैतिर हरियाली पनि छाएको छ। बोरिङ तथा स्यालो ट्यूबवेलबाट भरतपुरमा झण्डै आठ हजार विगाहा जमिनमा सिँचाइ सुविधा पुगेको छ। भूमिगत पानी निकाल्नका लागि १२० वटा स्यालो बोरिङ तथा ८०० वटा ट्यूबवेल निर्माण गरिएको छ । महानगरपालिकाले ५० प्रतिशत अनुदानमा रु दुई करोड बराबरका किसानलाई कृषि उपकरण वितरण गरेको छ।

महानगरका दूध उत्पादक किसानले प्रतिलिटर दूधमा रु चार अनुदान पाएका छन्। झण्डै रु २२ करोड दूधमा अनुदान बाँडेको महानगर किसानहरूको विश्वासिलो अभिभावक बनेको छ । दूधमा नगद अनुदानको नीतिले प्रतिवर्ष औषत पाँच लाख लिटरको दरले दूध उत्पादन बढेको उनको दाबी छ। युवालाई सिप सिकाएर देशभित्र नै स्वरोजगार र स्वावलम्बी बनाउने प्रयासअन्तर्गत महानगरले शैलुन, केयर गिभर, ब्युटिसियन, कुक, वेटर, हाउस किपिङ, फेसन डिजाइनर, प्लम्बिङ, इलेक्ट्रिसियन तालिमहरू महानगरले चलाएको छ। यहाँको पर्यटन क्षेत्रलाई राष्ट्रिय अन्तरराष्ट्रिय रूपमा चिनाउन तथा आर्थिक गतिविधिलाई उकास्न सन् २०२४ मा भरतपुर भ्रमण वर्ष मनाएर पर्यटकीय क्षेत्रलाई चलायमान बनाउन सहयोग गरेको छ।

भरतपुर विमानस्थलमा नयाँ टर्मिनल भवन बन्दैछ। भवनले मात्रै भरतपुरको हवाई उडान समस्या समाधान नहुने भएपछि महानगरपालिकाको पहलमा विमानस्थलको रनबे विस्तार गर्ने कामको सहजीकरण गरिएको छ। राष्ट्रिय गौरवको परियोजनाका रूपमा भरतपुर–१५ मा निर्माणाधीन गौतमबुद्ध अन्तरराष्ट्रिय क्रिकेट रङ्गशालाको निर्माण कार्य तीव्र रूपमा अघि बढेको छ । नारायणी नदीमाथि आर्कषक सिग्नेचर पुल निर्माणको कामलाई अगाडि बढाउन महानगरपालिकाले गरेको प्रयत्न निकै लामो छ। यो आर्कषक र अत्याधुनिक पुल नारायणगढको पुल्चोक–टिकौलीसम्म बनेको आर्कषक छ लेनको सडकमा जोडिँदा भरतपुरको सान र स्वरूप फेरिएको छ।

छ लेनको सडक भरतपुरको विकासको एक मानकका रूपमा स्थापित बनेको छ । हरियाली र फूलहरूसहित आर्कषक बनेको यो सडक रातको समयमा झिलिमिली देखिन्छ । भरतपुर वाइपास सडकले पनि भरतपुरको गौरव बढाएको छ । यी दुवै सडकको सौन्दर्यकरण तथा वृक्षरोपणको काम महानगरपालिकाले गरिरहेको छ । भरतपुर महानगरपालिकाले बितेको नौ वर्षमा आफूलाई सुशासन र आर्थिक पारदर्शीता कायम राख्ने काम गरेको छ। न्यून बेरुजु र शून्य बेरुजु बनाउने तथा कार्यसम्पादनमा देशभरीका महानगरपालिकाका मध्ये भरतपुर उत्कृष्ट बन्न सफल भयो। राष्ट्रिय तथा अन्तरराष्ट्रिय पुरस्कार तथा सम्मान भरतपुरले प्राप्त गर्न सफल भएको छ।

महानगरको आन्तरिक आम्दानीलाई क्रमशः बढाउँदै लग्यौँ र अहिले महानगरको आन्तरिक आम्दानी करिब रु एक अर्ब ४० करोड पुगेको छ। सार्वजनिक विद्यालयको गुणस्तर उकास्दै यो अवधिमा झण्डै १०० सानाठूला विद्यालय भवन बनेका छन् । कतिपय विद्यालयलाई बसहरू प्रदान गरिएको छ। सामुदायिक विद्यालयमा आठ हजार विद्यार्थी थप भएका छन् । भरतपुर अस्पतालमा ज्येष्ठ नागरिक र महिलाहरूलाई बहिरङ्ग टिकट निःशुल्क गर्ने जस्ता कामहरू मात्रै गरिएका छैनन्, महानगरका २९ वटै वडामा स्वास्थ्य संस्था स्थापना भई एक वडा, एक स्वास्थ्य संस्थाको लक्ष्य प्राप्ति भइसकेको छ । भरतपुरका सरकारी स्वास्थ्य संस्थामा जन्मिएका छोरीहरूको बाल उमङ्ग जीवन बिमा कार्यक्रम चलिरहेको छ। प्रसूति गराउने महिलाहरूका लागि निःशुल्क एम्बुलेन्सको व्यवस्था महानगरले गरेको छ।

फोहरले भरिएका र अतिक्रमणको चपेटामा परेका पुङ्गी खोला र केरूङ्गा खोला सौन्दर्यकरणले चिटिक्क परेका छन् । भरतपुरको मध्यभाग भएर बग्ने ६.६५ किमी लामो पुङ्गी र ३६ किमीको केरुङ्गा खोलाको सौन्दर्यकरणको काम भइरहेको छ । भरतपुरका विभिन्न ठाउँमा ठूलाठूला खानेपानीका ओभरहेड ट्याङ्कीहरू निर्माण गरिएका छन् । शुद्ध पिउने पानीको पहुँच भरतपुरका ९८ प्रतिशत जनताको बीचमा पुगेको छ। ठूला सभा सम्मेलन गर्नका लागि सभागृह बनिरहेको छ।

वातावरण प्रदूषण कम गराउन देवघाटमा विद्युतीय शवदाह गृह निर्माण गरिएको छ । भरतपुर महानगरपालिका–१ स्थित नारायणी नदी पुलबाट उत्तरतर्फ नदी किनारलाई सी–बीच मोडलको रूपमा विकास गर्न महानगरपालिकाले ६४० मिटर लामो तटबन्ध तयार गरी एक पर्यटकीय गन्तव्यको रूपमा विकास गरिएको छ। महानगरका २९ वडामध्ये १७ वटा वडाका नयाँ भवन बनेका छन्। थप केही बन्ने क्रममा छन्। रासस

# गोविन्द वियोगी पत्रकारिता पुरस्कार तथा सम्मान प्रदान

**काठमाडौँ ।**

सम्पादक समाज नेपालले आफ्ना संस्थापक अध्यक्ष एवं वरिष्ठ पत्रकार गोविन्द वियोगीको स्मरणमा स्थापित 'गोविन्द वियोगी पत्रकारिता पुरस्कार–२०८२' र 'गोविन्द वियोगी विशेष पत्रकारिता पुरस्कार २०८२' प्रदान गरेको छ । वियोगीको २०औँ स्मृति दिवसका अवसरमा शनिबार शिवपुरी गाउँपालिका– ७ सुइरेचौर, नुवाकोटमा आयोजित एक समारोहमा गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा रामवरण यादवबाट उक्त पुरस्कार तथा सम्मान प्रदान गरिएको हो ।

कार्यक्रममा 'गोविन्द वियोगी पत्रकारिता पुरस्कार–२०८२' रत्न राज्यलक्ष्मी क्याम्पस, पत्रकारिता तथा आमसञ्चार विभागका प्रमुख डा. जगत नेपाललाई प्रदान गरिएको छ । उक्त पुरस्कारको राशि रु २५ हजार एक र सम्मानपत्र रहेको छ । यस्तै, 'गोविन्द वियोगी विशेष पत्रकारिता पुरस्कार' गोरखापत्र दैनिककी पत्रकार चाँदनी हमाल तथा 'शुक्रवाः या तँसापौ' साप्ताहिकका स्तम्भकार राजेन्द्र मानन्धरलाई प्रदान गरिएको छ । हमाललाई वातावरण संरक्षण तथा जलवायु परिवर्तनका प्रभाव न्यूनीकरणका विषयमा पत्रकारितामार्फत गरेको योगदान र मानन्धरलाई नेपाल भाषामार्फत पत्रकारिता क्षेत्रमा पु¥याएको योगदानका लागि पुरस्कार प्रदान गरिएको आयोजकले जनाएको छ । यो पुरस्कारको राशि जनही रु १५ हजार एक र सम्मानपत्र रहेको छ ।

कार्यक्रममा पूर्वराष्ट्रपति डा. यादवबाट वरिष्ठ पत्रकार शरदचन्द्र वस्ती र सुदर्शन आचार्यलाई 'सम्पादक समाज नेपाल सम्मान' प्रदान गरियो ।

समाजका अध्यक्ष पुरु रिसालको अध्यक्षतामा भएको उक्त पुरस्कार प्रदान तथा सम्मान समारोहमा पूर्वराष्ट्रपति यावदले लोकतन्त्रलाई बलियो बनाउन पत्रकारिता क्षेत्रको भूमिका अझै बढेर गएको बताए । उनले वियोगीले लोकतन्त्र स्थापनामा पत्रकारितामार्फत खेलेको भूमिका उल्लेखनीय रहेको स्मरण गरे ।

समारोहमा सम्मानित व्यक्ति आचार्यले पत्रकार सत्यको पक्षमा उभिनुपर्नेमा जोड दिँदै कोही रिसाउला भनेर सत्य लुकाउन नहुने बताए । अर्का सम्मानित व्यक्ति वस्तीले हाल पत्रकारितामा महत्वपूर्ण सूचना र तथ्यहरू ख्याल ठट्टाको विषय बन्न पुगेको भन्द चिन्ता व्यक्त गरे । उनले पहिले स्रोतमा पत्रकारको मात्रै पहुँच हुँदा समस्या नहुने गरेको तर हाल स्रोतमा सबैको पहुँच पुगेकाले पत्रकारितामा चुनौती बढेको धारणा राखे ।

पुरस्कृत व्यक्तिहरूका तर्फबाट बोल्दै रत्न राज्यलक्ष्मी क्याम्पस, पत्रकारिता तथा आमसञ्चार विभागका प्रमुख डा. नेपालले पत्रकारिताको स्तर खस्किँदा समाजमा असर गर्ने भएकाले यसलाई आलोचनाभन्दा पनि स्तर सुधारका लागि भूमिका खेल्नुपर्ने आवश्यकता औँल्याए ।

शिवपुरी गाउँपालिका अध्यक्ष गोविन्द थपलियाले सम्पादक समाज नेपालसँग जोडिएपछि शिवपुरी क्षेत्रमा पर्यटकहरूको आवागमन बढेको भन्दै खुसी व्यक्त गरे । उनले विगतमा २५÷३० हजार पर्यटक आउने गरेकामा सम्पादक समाजसँगको सहकार्यपछि पत्रकारले लेखेका समाचारकै कारण प्रचारप्रसाद हुँदा हाल वर्षमा एक लाखभन्दा बढी पर्यटक भित्रिने गरेको बताए । यहाँका नागरिकको जीवनस्तर सुधार्न कृषि र पर्यटनलाई जोडेर गाउँपालिकाले काम गरिरहेको उल्लेख गर्दै खध्यक्ष थपलियाले यसमा सहयोग गर्न सबैलाई आग्रह गरे ।

प्रेस इन्स्टिच्युटका अध्यक्ष तीर्थ कोइरालाले पुँजी र प्रविधिको चेपुवामा पत्रकारिता परिरहेको उल्लेख गर्दै मर्यादित बनाउने कोशिष जारी रहेको बताए । उनले भने, 'प्रविधिले फड्को मारिरहेको छ, तर पत्रकारिताप्रतिको विश्वसनीयता अफ्ठेरो स्थितिमा आएको छ । अबको पुस्तालाई मर्यादित पत्रकारितामा डोर्याउन सम्पादक समाजको महत्त्वपूर्ण भूमिका हुनुपर्छ ।'

समाजका उपाध्यक्ष जुनारबाबु बस्नेतलेहाल संसारभरि नै पत्रकारिताको मूल्य मान्यताबारे ठूलो बहस चलिरहेको उल्लेख गर्दै समाजलाई पनि मर्यादित पत्रकारिताको विमर्श गर्ने थलोका रूपमा विकास गरिएको बताए । नेपाल अमेरिका पत्रकार समाजका अध्यक्ष टंक पन्त, सम्पादक समाजका संरक्षक किरण वैद्य, समाजका महासचिव श्याम डोटेलले आफ्नो धारणा राखे । रासस




# सामाजिक विकासका लागि ३३ वटा संस्थाहरूबाट प्रस्ताव




**काठमाडौँ ।**

काठमाडौँ महानगरपालिकाको लक्षित वर्गको कार्यक्रम सहयोगअन्तर्गत कामपाको सामाजिक विकास विभागमा अहिलेसम्म ३३ वटा सङ्घसंस्थाले आवेदन दिएका छन् । विभागले विभिन्न मितिमा आह्वान गरेको सार्वजनिक सूचनाबाट ३० प्रतिशत लागत सहभागिता जनाउनेगरी ती सङ्घसंस्थाले प्रस्ताव पेस गरेको सामाजिक विकास विभागका प्रमुख समीक्षा निरौलाले जानकारी दिइन् ।

गत पुस २२ गते अपाङ्गताका क्षेत्रमा काम गर्ने सङ्घसंस्थाको प्रस्ताव आह्वान गरिएको थियो । पन्ध्र दिन अवधि भएकाले केही संस्थाले आवेदन दिन बाँकी नै छ । विभागले मङ्सिर ११ गते सार्वजनिक सूचना प्रकाशन गर्दै, ज्येष्ठ नागरिकका लागि काम गर्ने सङ्घसंस्थाहरूसँग प्रस्ताव माग गरेको थियो । नौ वटा सङ्घसंस्थाको प्रस्ताव पेस भएको यस क्षेत्रको सहयोगका लागि रु २० लाख छ ।

गत पुस १५ गते अटिजमसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूका लागि कार्य गर्ने सङ्घसंस्थाका लागि सूचना प्रकाशन गरिएको थियो । यसमा रु २० लाख सहयोग रहेको छ । सहयोग प्राप्त गर्न ६ वटा सङ्घसंस्थाको प्रस्ताव परेको छ । रु २० लाख लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक (एलजीवीटीक्युआइ) का लागि १७ गते सार्वजनिक सूचना प्रकाशन भएको थियो । यस क्षेत्रमा काम गर्न आठ वटा सङ्घसंस्थाको प्रस्ताव परेको निरौलाले जानकारी दिइन् ।

गत पुस १ गते डाउन सिन्ड्रोम, सेरेब्रल पाल्सी, मस्कुलर डिस्ट्रोफी र मस्तिष्क पक्षघात भएका बालबालिका लक्षित कार्यक्रम गर्ने सङ्घसंस्थासँग प्रस्ताव माग गरिएको थियो । रु ३० लाख बजेट विनियोजन भएको क्षेत्रमा काम गर्न १० वटा सङ्घसंस्थाको प्रस्ताव पेस भएको छ । विभागका प्रमुख समीक्षा निरौलाका अनुसार ३० प्रतिशत लागत सहभागिता संस्था आफैँले बेहोर्ने गरी प्रस्ताव पेस भएको हो । यसमा कम सहयोग प्रस्ताव गर्नेले रु तीन लाख ५० हजार र धेरै सहयोग प्रस्ताव पेस गर्नेले रु ८१ लाखको आवेदन परेको छ ।

प्रस्ताव पेस गर्नेहरूबाट गरिने प्रस्तुतीकरणमा विगतमा गरेका काम र प्राप्त नतिजा, संस्थाको क्षमता, कामको प्रकृति, आवश्यकतालगायत सूचकका आधारमा अङ्क प्रदान गरेर सहयोग रकम प्रदानसम्बन्धी निर्णय प्रक्रिया अगाडि बढाइने निरौलाले जानकारी दिइन् । रासस

# एकैदिन दुई कृषि तथा पशुपन्छी सेवा केन्द्रको उद्घाटन

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाको पटेर्वासुगौली र जिराभवानी गाउँपालिकामा आधुनिक मोडेलमा निर्माण गरिएका दुई वटा कृषि तथा पशुपन्छी सेवा केन्द्रको भवन एकैदिन उद्घाटन तथा हस्तान्तरण गरिएको छ । छुट्टाछुट्टै कार्यक्रमबीच दुवै सेवा केन्द्रका नवनिर्मित भवनको उद्घाटन कृषि तथा पशुपन्छी विकास मन्त्री डा. मदन प्रसाद परियारले गरेका थिए ।



उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि समेत रहेका मन्त्री परियारले कृषि तथा पशुपन्छी सेवा केन्द्र सञ्चालनमा आएपछि सम्बन्धित क्षेत्रका किसान तथा पशुपालकहरू अत्यन्त खुसी भएको उल्लेख गरे । अब गाउँमै सेवा उपलब्ध हुँदा कृषकलाई सेवा लिन सहज हुने उनको भनाइ थियो । पहिला गाउँपालिका मन्दिरको भवनमा सञ्चालन भइरहेको स्मरण गर्दै अहिले गाउँपालिकाको आफ्नै प्रशासनिक भवन नजिकै आधुनिक सेवा केन्द्र निर्माण हुनु खुसीको विषय भएको मन्त्री परियारले बताए ।

मन्त्री परियारका अनुसार नेपालका ६ वटै प्रदेशका १७१ वटा स्थानीय तहमा यस्तो योजना रहेपनि हालसम्म ७४ वटा पालिकामा मात्र निर्माण सम्पन्न भएको छ, जसमा पटेर्वासुगौली र जिराभवानी गाउँपालिका पनि परेका छन् । नवनिर्मित कृषि तथा पशुपन्छी सेवा केन्द्र आधुनिक मोडेलमा निर्माण गरिएको र यहाँ पशु उपचारका लागि आवश्यक औषधिसहित सल्यक्रिया गर्ने उपकरणसमेत उपलब्ध गराइएको कृषि तथा पशुपन्छी केन्द्रीय निर्देशक डा. चन्द्र रिजालले जानकारी दिए ।

उनका अनुसार किसानका घरमै सेवा पु¥याउने उद्देश्यले माटो परीक्षण, कृषि औजार मर्मतका उपकरण तथा आवश्यक प्राविधिक सेवासमेत केन्द्रमा उपलब्ध गराइनेछ । मन्त्री परियारले यस क्षेत्रको समग्र विकासका लागि आफू सधैँ तयार रहेको उल्लेख गर्दै गाउँपालिका अध्यक्षको सक्रियताका कारण विकास निर्माणका कामले तीव्रता लिएको बताए । करिब दुई करोड पचास लाख रुपैयाँको लागतमा दुईतले सुविधा सम्पन्न भवन निर्माण गरिएको निर्देशक डा. रिजालले जानकारी दिए ।

पटेर्वासुगौली गाउँपालिका अध्यक्ष दिनेश चौधरीको अध्यक्षतामा आयोजित उद्घाटन कार्यक्रममा मन्त्री परियारकी धर्मपत्नी कल्पना परियार, कृषि तथा पशुपन्छी केन्द्रीय निर्देशक डा. चन्द्र रिजाल, बर्दिबासका चिफ राजेश साह, कृषि अनुसन्धान केन्द्र परवानीपुरका निर्देशक डा. बिषेश्वर प्रसाद यादव, गाउँपालिकाकी उपाध्यक्ष ममता महतो, प्रमुख प्रशासकीय अधिकृत प्राण मेहता लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमका अवसरमा गाउँपालिकाले उत्कृष्ट किसान तथा पशुपालकहरूलाई घाँस काट्ने मेसिन र कृषि मोटर प्रदान गरी सम्मानसमेत गरेको थियो ।

यसैगरी जिराभवानी गाउँपालिकामा पनि नवनिर्मित कृषि तथा पशुपन्छी सेवा केन्द्रको भवन उद्घाटन तथा हस्तान्तरण मन्त्री परियारले गरेका थिए । जिराभवानी गाउँपालिका अध्यक्ष अनोज चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष रेखा चौधरी, प्रमुख प्रशासकीय अधिकृत अमित गिरी, वडा अध्यक्षहरू सुरुज राय थारु, महादेव महतो, दारा सिंह, राजेश्वर थारु, रामशरण खवासलगायत जनप्रतिनिधि, कर्मचारी तथा स्थानीयवासीको उल्लेखनीय सहभागिता रहेको थियो ।

स्थानीय तहमा आधुनिक कृषि तथा पशुपन्छी सेवा केन्द्र सञ्चालनमा आएसँगै किसान तथा पशुपालकहरू प्रत्यक्ष लाभान्वित हुने विश्वास लिइएको छ ।

# जनकपुरधामको सभ्यता तथा संस्कृति संरक्षणमा जोड दिऔँ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ८ मा रहेको जनजाती कल्याण आश्रम नेपाल जनक छात्रावासले विभिन्न कार्यक्रम गरी वार्षिकोत्सव मनाएको छ ।

जनक छात्रावासको वार्षिकोत्सव कार्यक्रममा बोल्दै मधेश प्रदेशका सभामुख रामअशिष यादवले जनकपुरधामको सभ्यता तथा संस्कृति संरक्षणकालागि यहीका वासीलाई अगाडि आउनु पर्ने बताएका छन् ।

आधुनिक जनकपुरधाम निर्माणमा पूर्वजहरुको भूमिका अतुलनिय रहेको स्मरण गर्दै उनले अब जनकपुरधामको सर्वांगिन विकासका लागि हामी सबैको भूमिका आवश्यक रहेको बताए ।

सभामुख यादवले आधुनिक जनकपुरधाम निर्माणमा राज्यको लगानि नभई यहीका स्थानीयले, यहीका पूर्वजहरुको रहेको बताए । जनकपुरधामलाई हेर्ने दृष्टिकोण राज्यको बेग्लै रहेको उनको भनाई थियो ।

सभामुख यादवले वार्षिकोत्सव कार्यक्रममा सहभागीहरुले बच्चैदेखि विद्यार्थीहरुलाई आफ्नो संस्कृति तथा संस्कारको विषयमा ज्ञान दिनुपर्नेमा जोड दिए । उनले जनकपुरधाम रामायणकालिन भूमि रहेको र यहाँको सभ्यता तथा संस्कृतिको जगेर्नाकालागि हामीले नै पहल गर्नुपर्ने उनको भनाई थियो ।

# ठाकुरको जित सुनिश्चित गर्न समन्वय समिति

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालले पार्टीका संरक्षक महन्थ ठाकुरलाई राष्ट्रिय सभा निर्वाचनमा सफल बनाउने लक्ष्यसहित तीन सदस्यीय समन्वय समिति बनाएको छ ।



आगामी माघ ११ गते हुने राष्ट्रिय सभा निर्वाचनमा ठाकुर मधेश प्रदेशबाट उम्मेदवार रहेका छन् । उनलाई विजयी गराउन गठबन्धनमा आबद्ध दलहरूबीच तालमेल मजबुत बनाउने उद्देश्यले समिति गठन गरिएको पार्टीले जनाएको छ ।

समितिमा प्रमेश्वर साह, मोहम्मद खालिद सिद्धिकी र लालकिशोर साहलाई जिम्मेवारी दिइएको छ । महन्थ ठाकुर मधेश प्रदेशमा नेपाली कांग्रेस र नेकपा एमालेबीच बनेको गठबन्धनका साझा उम्मेदवार हुन् ।




# धनुषामा दिनमै कम्तीमा ५ घटनाः प्रहरी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जिल्ला प्रहरी कार्यालय धनुषाले पुस महिनाभर अपराध अनुसन्धान, शान्ति सुरक्षा, सवारी दुर्घटना नियन्त्रण तथा समुदाय केन्द्रित गतिविधिमा उल्लेखनीय कार्यसम्पादन गरेको जनाएको छ ।

कार्यालयले सार्वजनिक गरेको मासिक प्रगति विवरणअनुसार जिल्लाभर १ सय ४७ वटा आपराधिक मुद्दा दर्ता भएका छन् । तीमध्ये ५० वटा मुद्दा फछ्र्यौट भइसकेका छन् भने ९७ वटा अझै अनुसन्धानको चरणमा छन् । दर्ता भएका मुद्दामध्ये ५ वटा जघन्य, २९ गम्भीर, ४१ आर्थिक, ३५ सामान्य तथा चोरी–डाँका सम्बन्धी ८ वटा छन् ।

यी घटनासँग सम्बन्धित ८२ जना प्रतिवादी पक्राउ परेका छन् भने १ सय १८ जना अझै फरार रहेका छन् । फैसला कार्यान्वयनका क्रममा ५० जनालाई पक्राउ गरी कुल २६ वर्ष १ सय १ महिना ३ सय १४ दिन कैद सजाय कार्यान्वयन गरिएको छ । साथै बिगो, क्षतिपूर्ति र जरिवानाबाट १३ लाख ३९ हजार ८ सय ९४ रुपैयाँ असुल गरिएको प्रहरीले जनाएको छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित ४२ वटा उजुरी दर्ता भएका छन्, जसमा ३ वटा उजुरी ज्येष्ठ नागरिकसँग सम्बन्धित छन् । प्रहरीको विश्लेषणअनुसार पीडित र पीडकको उमेर समूह प्रायः २० देखि ६० वर्षबीच रहेको छ ।

पुस महिनामा २७ जना महिला र २९ जना बालबालिका हराएको उजुरी परेकोमा ५ जना महिला, १ बालक र ५ बालिका सकुशल फेला परेका छन् ।

घरेलु हिंसासम्बन्धी ४५ वटा उजुरी दर्ता भएका छन् । तीमध्ये २३ वटा मिलापत्र गरिएको वा अदालतमा पठाइएको छ । घरेलु हिंसा अझै चुनौतीपूर्ण विषयका रूपमा देखिएको प्रहरीले उल्लेख गरेको छ ।

लागूऔषध कारोबारसम्बन्धी ३ वटा मुद्दा दर्ता भई ३ जना पुरुष पक्राउ परेका छन् । उनीहरूबाट १ ग्राम १ मिलिग्राम खैरो हिरोइन, १७ पिस नाइट्रोजेपाम र ५ पिस स्पासो–प्रोक्सिन बरामद गरिएको छ ।

यसैगरी, आत्महत्याका २२ वटा घटना दर्ता भएका छन् । तीमध्ये अधिकांश झुन्डिएर भएका छन् भने केही विषादी सेवनसम्बन्धी छन् । १० देखि ३० वर्ष उमेर समूहका व्यक्तिहरू बढी प्रभावित देखिएका छन् ।

प्रहरी कारबाहीका क्रममा ९ जना घाइते भएका छन्, जसमा ३ जना प्रहरी कर्मचारी छन् । नियन्त्रणका क्रममा ९ राउण्ड अश्रुग्यास प्रयोग गरिएको छ ।

सवारी सुरक्षातर्फ ९१ वटा दुर्घटना हुँदा ७ जनाको मृत्यु भएको छ भने १ सय ५४ जना घाइते भएका छन् । दुर्घटनाको मुख्य कारण तीव्र गति, चालकको लापरवाही र यात्रुको असावधानी रहेको प्रहरीले जनाएको छ । ट्राफिक चेकिङका क्रममा ७ सय ४१ सवारी साधन कारबाही गरी ७ लाख ५९ हजार ५ सय रुपैयाँ राजस्व संकलन गरिएको छ ।



भन्सार छली नियन्त्रणका क्रममा २ वटा सवारी साधनसहित ८ लाख १६ हजार ८ सय २० रुपैयाँ बराबरको सामान बरामद गरिएको छ । विपद् व्यवस्थापनअन्तर्गत १५ वटा आगलागीका घटनामा ९ जना महिला घाइते भएका छन् भने उद्धार कार्यमा २ हजार १ सय १० जना प्रहरी परिचालन गरिएको छ ।

समुदाय तथा विद्यालय केन्द्रित सचेतनामूलक कार्यक्रममार्फत ३ हजार ९ सय ७ जनाको सहभागितामा विभिन्न कार्यक्रम सञ्चालन गरिएका छन् । विद्यालयस्तरका सचेतनामूलक कार्यक्रममा १ हजार ३५ विद्यार्थी सहभागी भएका थिए ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक गणेशबहादुर बमले अपराध नियन्त्रण, शान्ति सुरक्षा र नागरिकको विश्वास अभिवृद्धि प्रहरीको प्रमुख प्राथमिकता रहेको बताए । उनले फरार अभियुक्त पक्राउ, घरेलु हिंसा तथा आत्महत्या न्यूनीकरणका लागि समुदायको सहकार्य अपरिहार्य रहेको उल्लेख गरे ।

**रौतहटमा ८३ अपराधका घटना दर्ता**

जिल्ला प्रहरी कार्यालय रौतहटले पुस महिनामा जिल्लाभर सम्पन्न भएका सुरक्षा गतिविधि तथा अपराध नियन्त्रणसम्बन्धी विवरण सार्वजनिक गरेको छ । प्रहरीका अनुसार यो अवधिमा विभिन्न प्रकृतिका ८३ वटा अपराधका घटना दर्ता भएका छन् ।

प्रेस विज्ञप्तिअनुसार दर्ता भएका अपराधमध्ये सङ्गठित तथा आर्थिक अपराध २६ वटा र सामाजिक अपराध १८ वटा रहेका छन्, जुन तुलनात्मक रूपमा उच्च देखिएको छ । त्यसैगरी ज्यानसम्बन्धी ५, आत्महत्या ७, चोरीसम्बन्धी ४, मादक पदार्थ तथा लागूऔषध सम्बन्धी ५, सवारी ज्यानसम्बन्धी ६ तथा अन्य १२ वटा मुद्दा दर्ता भएका छन् ।

प्रहरीले पुष महिनामा भएका जघन्य तथा गम्भीर अपराधतर्फ पनि ध्यानाकर्षण गराएको छ । विवरणअनुसार कर्तव्य ज्यान १, मानव बेचबिखन १, डकैती तथा कुटपिट २२, जुवातास १, ठगी २ लगायतका मुद्दा दर्ता भई कुल २७ वटा गम्भीर अपराधका घटना अभिलेख भएका छन् ।

त्यस्तै, जिल्ला प्रहरी कार्यालय रौतहटमा चालु रहेका मुद्दा प्रतिवादी पक्राउ संख्या ६२ जना रहेको प्रहरीले जनाएको छ। सार्वजनिक चासोका पेन्डिङ मुद्दा भने पुस महिनामा कुनै पनि दर्ता नभएको र फछ्र्यौट पनि शून्य रहेको विज्ञप्तिमा उल्लेख छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटले जिल्लामा शान्ति सुरक्षाको अवस्था मजबुत बनाउन, अपराध नियन्त्रण तथा अनुसन्धानलाई थप प्रभावकारी बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरेको छ ।

# यी हुन् नेकपा एमालेबाट मधेशमा उम्मेदवारहरु

**मधेशदृष्टि**
**वीरगंज ।**
शनिबार राति अबेरसम्म बसेको नेकपा एमालेको सचिवालय बैठकले मधेशसहित देशभर १ सय ६५ निर्वाचन क्षेत्रका उम्मेदवार तय गरेको छ । केही स्थानमा उम्मेदवार तोकिन बाँकी छन् ।





यसको अधिकार अध्यक्ष केपी शर्मा ओलीलाई नै सचिवालयले जिम्मा दिएको छ । मधेशका ८ जिल्लाका अधिकांश क्षेत्रमा उम्मेदवार चयन भएका छन् । केही क्षेत्रको उम्मेदवार टुंगो अध्यक्षले लगाउने भएका छन् ।

एमालेका अनुसार, सप्तरीमा क्रमशः क्षेत्र नम्बर १ बाट ४ सम्म सुमन प्याकुरेल, सतिश सिंह, ताराकान्त चौधरी र बालकृष्ण चौधरी उम्मेदवार चयन भएका छ्न ।

यस्तै, सिरहामा केदार यादव, नविनकुमार यादव, लिलानाथ श्रेष्ठ र बिल्टु यादवलाई क्रमशः निर्वाचन क्षेत्र नम्बर १ बाट ४ को उम्मेदवार बनाइएको छ ।

यस्तै, धनुषामा क्षेत्र नम्बर १ बट ४ सम्म रामचन्द्र मण्डल, उमाशंकर अग्रहरि, जुली महतो र रघुवीर महासेठ उम्मेदवार बनाइएको छ ।

महोत्तरीमा पनि क्रमशः क्षेत्र नम्बर १ बाट ४ सम्ममा लक्ष्मी महतो कोइरी, रामपरीक्षण यादव, ३ मा टुंगो लाग्न बाँकी र सरोज यादव उम्मेदवार भएका छन् ।

सर्लाहीमा क्षेत्र नम्बर १ र २ मा बाँकी छ भने ३ मा हरि उप्रेतीलाई टिकट दिइएको छ ।

रौतहटमा क्रमशः अजय गुप्ता, शैलेन्द्र साह, कुन्दन कुशवाहा, रामजी शाह चयन भएका छन् ।

यस्तै, बारामा क्रमशः अच्युत मैनाली, बलवीर चौधरी, ज्वाला शाह र किसान श्रेष्ठ उम्मेदवार भएका छन् ।

पर्सामा क्षेत्र नम्बर १ र २ मा टुंगिन बाँकी छ भने क्षेत्र नम्बर ३ मा प्रमोद जैसवाल र ४ मा जालिम मियाँ अन्सारीलाई उम्मेदवार बनाइएको छ ।

एमालेले मधेश प्रदेशका पूर्व दुई मुख्यमन्त्री सतिश सिंह (सप्तरी) र सरोज यादव (महोत्तरी)लाई प्रतिनिधि सभामा उतारेको छ । जो अहिले पनि मधेश प्रदेश सभा सदस्य छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन